मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २४ ◆ अङ्क : २५९ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ साउन २० गते सोमबार (Monday, August 5. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-



सूचना

समृद्ध नेपाल, सुखी नेपाली, सामाजिक सेवा सबैको जिम्मेवारी

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग


## क्यानडा पठाई दिन्छु भन्दै दुई करोड ठगी गर्ने पक्राउ

**बिर्तामोड,साउन १९।** सामाजिक सञ्जालमा साथी बनाई क्यानडा पठाइदिन्छु भन्दै झण्डै एक सय जनालाई ठगी गरेको आरोपमा प्रहरीले एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ।

आफू क्यानडामा रहेको र वुवा विरामी भएर नेपाल आएको भन्दै झापा, मोरङसहित पूर्वी नेपालका विभिन्न व्यक्तिसँग दुई लाख रुपैयाँका दरले रकम उठाउँदै हिँडेको आरोपमा मोरङको उर्लावारी नगरपालिका - ७ घर भएका ३६ वर्षीय रामबहादुर खड्कालाई प्रहरीले पक्राउ गरेको हो।

इलाका प्रहरी कार्यालय अनारमनी , जिल्ला प्रहरी कार्यालय झापा र १ नम्वर प्रदेश प्रहरी कार्यालय विराटनगरको विशेष टोलीले खड्कालाई आइतवार झापाको मेचीनगरस्थित काँकरभिट्टाबाट पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

प्रहरीका अनुसार पक्राउ परेका खड्काले शुरुमा फेसवुक, भाइवर, लगायतका सामाजिक सञ्जालमा साथी बनाउने गरेको र उनीहरुसँग नजिक हुँदै घरैसम्म पुगेर विश्वास दिलाउँदै क्यानडा लाने आश्वासन देखाएर युवालाई ठगी गर्ने गरेका थिए।

पक्राउ परेका खड्काले प्रारम्भिक अनुसन्धानका क्रममा ३५ जनाबाट दुई लाख रुपैयाँको दरले रकम असुलेको स्वीकार गरेको प्रहरीले जनाएको छ। पछिल्लो समय युरोप लगायत विभिन्न मुलुकमा आकर्षक तलबको प्रलोभन देखाएर ठगी गर्ने क्रम बढेको छ।

बिर्तामोडमा रहेका केही मेनपावर अहिले ठगी गर्ने थलो बनिरहेका छन्। सरकारले मेनपावर सञ्चालनमा कडाइ गर्दै एजेन्ट खारेज गरेपछि सीमित शाखा मात्र सञ्चालनमा छन्। केही शाखाको बोर्डमा धेरैवटा एजेन्ट एउटै कार्यालयमा बसी ठगी धन्दा सञ्चालन गरिरहेको स्रोतले जनाएको छ।

विशेष स्रोतका अनुसार त्यस्ता एजेन्टहरु उपरसमेत प्रहरी र नियमनकारी निकायले निगरानी गरिरहेका छन्। एजेन्ट खारेज हुनु अघि विभिन्न ठाउँमा कार्यालय सञ्चालन

(बाँकी अन्तिम पृष्ठमा)

## काम लगाइदिन्छु भन्दै यौनधन्दा !

**सुनसरी, साउन १९।** इटहरी उपमहा-नगरपालिका- ६ स्थित होटलमा काम लगाइदिन्छु भन्दै दुई किशोरीलाई यौनधन्दा गराएको अभियोगमा पाँचथर फिदिम फलैंचा -८ बस्ने ३० वर्षीया बिनु सुब्बा र महोत्तरी बर्दिबास नगरपालिका -१२ बस्ने २९ वर्षीय सरोज कार्कीलाई शनिबार

(बाँकी अन्तिम पृष्ठमा)


## सूचना ! सूचना !! सूचना !!!

यस समूहको यही मिति २०७६ साल साउन १९ गते आइतबार सम्पन्न बैठकले वन क्षेत्रमा देखिएका समस्याहरुमध्ये मुख्य समस्याको रुपमा रहेको चरीचरनसहित वन क्षेत्रको जग्गा अतिक्रमण, वन क्षेत्रमा रहेको ढुंगा, गिटी, बालुवा र माटो झिक्ने, अवैध चोरीशिकार, फोहोर फ्याँक्ने, फलफूल तथा जडिबुटीको बिरुवाहरु उखेल्ने, समूहले उपलब्ध गराएको वन पैदावारको दुरुपयोग गर्ने लगायत २० वटा कार्य गर्न रोक लगाएको हुँदा कोही कसैले उक्त कार्य गरेको भेटिएमा समूहको विधान र कार्ययोजनामा उल्लेख भएको जरिवाना असुल गरी थप कारवाहीको लागि सम्बन्धित निकायमा पठाइने व्यहोरा यसै सूचनामार्फत् सबैमा जानकारी गराउँदछौं।

भानु श्रेष्ठ : अध्यक्ष

**नमूना सामुदायिक वन उपभोक्ता समूह**

अर्जुनधारा नगरपालिका-९, झापा



## प्रेस विज्ञप्ति

मिति २०७६।४।१३ गतेको पूर्वाञ्चल दैनिक पत्रिकामा १४ गते बाह्रदशी गाउँपालिकाको वडा नं -३ मा रहेको कालोपत्रे सडक अनुगमनको क्रममा भएको क्रियाकलापका बारेमा प्रकाशित सूचनाको सन्दर्भमा यस गाउँपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ। यस गाउँपालिका क्षेत्रभित्र बन्ने कुनै पनि सार्वजनिक निर्माणको कार्य तोकिएको गुणस्तर परिमाण, समय र लागत भित्र रही सम्पन्न गर्न गाउँपालिका सचेत रहेको छ र भविष्यमा समेत सचेत रहनेछ। उक्त सडक निर्माण कार्य गर्दा तोकिएको ल्याब परीक्षणसहित तोकिएको समयमा सम्पन्न भएको छ। मिति २०७६।०४।१९ गते बसेको कार्यपालिकाको बैठकमा उक्त विषयप्रति गम्भीर छलफल भई सिंगो कार्यपालिका बैठक गम्भीर बनेको छ साथै सम्बन्धित निर्माण व्यवसायी समेतले बैठकमा आफू स्थानीयवासी भएको र यस क्षेत्रमा निर्माण हुने गुणस्तरका बारेमा कुनै त्रुटी एवम् हेलचेक्र्याँई नगरेको गर्नु पर्ने सबै किसिमको ल्याब परीक्षण गरेको एवम् जनप्रतिनिधि र तोकिएको प्राविधिकको रोहवरमा कार्य सम्पन्न भएको भनी जानकारी गराएको एवम् आवश्यक परे त्रुटी सच्याउने अवधिभित्र कुनै पनि थप मर्मतका कार्य जिम्मेवारी पूर्वक गर्न उत्सुक एवम् इच्छुक रहेको भनी प्रतिवद्धतासमेत जाहेर गरेको हुँदा कार्यालयका इञ्जिनियर श्री नरेन्द्र श्रेष्ठ एवम् योजना शाखा प्रमुख श्री तेजप्रसाद रेग्मीको व्यक्तिगत जीवनमा पर्न गएको क्षतिलाई सहानुभूति राख्दै कार्य सम्पादनमा थप उत्साहसाथ जिम्मेवार एवम् कर्तब्य निष्ठ भई तोकिएको कार्य सम्पादनमा लाग्न आग्रह गर्दछु। साथै पत्रपत्रिका, टेलिभिजन एवम् सामाजिक सञ्जालमा सूचना प्रकाशित हुँदा यस गाउँपालिकाको आधिकारिक धारणा लिई प्रकाशित गर्न सम्मानित प्रेस जगतप्रति विनम्र अनुरोध गर्दछु।

मिति २०७६।०४। १९

खड्गप्रसाद राजवंशी : अध्यक्ष

**बाह्रदशी गाउँपालिका, बाह्रदशी**


## मोबाइलबाट धम्क्याई ७५ लाख माग

**झापा, साउन १९।** मोबाइल फोनबाट धम्क्याई ७५ लाख रुपैयाँ माग गर्ने कार्यमा संलग्न ललितपुर महानगरपालिका -२४ बस्ने ३० वर्षीय उदय गिरीलाई प्रहरीले पक्राउ गरेको छ।

विभिन्न मितिमा नेपाली तथा भारतीय मोबाइल नम्बरहरू प्रयोग गरी भारतबाट समेत फोन गरी बिभिन्न व्यक्तिहरूलाई धम्क्याई उक्त रकम माग गर्ने कार्यमा संलग्न गिरीलाई महानगरीय अपराध महाशाखा काठमाडौंबाट खटिएको प्रहरीले ललितपुर महानगरपालिका -२४ धापाखेलबाट पक्राउ गरेको हो।

गिरी यसअघि हातहतियार तथा खरखजना मुद्दामा ३ वर्ष जेल भुक्तान गरी छुटेको खुल्न आएको र निज उपर थप अनुसन्धान भइरहेको सो महाशाखाले जनाएको छ।


## प्रेस विज्ञप्ति

मिति २०७६ साल श्रावण १५ गते बुधबारका दिन विहान ११ बजेको समयमा यस अर्जुनधारा नगरपालिकाका शिक्षा शाखा प्रमुख उप सचिव श्री तोयानाथ रेग्मीको कार्यकक्षमा नेपाल कम्यूनिष्ट पार्टी (नेकपा) अर्जुनधारा नगरपालिका वडा नं. ६ का वडा कमिटी अध्यक्ष श्री राम घिमिरेको नेतृत्वमा केही व्यक्तिहरु पसी हुलहुज्जत गरी नियमित कार्य सम्पादनमा समेत वाधा पुऱ्याई धम्कीपूर्ण भाषा प्रयोग गरी चरित्र हत्या गर्ने नियतले सुनियोजित ढंगबाट भिडियो समेत गरी सामाजिक सञ्जालहरुमा प्रचार प्रसार गरेको घटनाको घोर भर्त्सना गर्दै यस्ता अवाञ्छित कार्यहरुले कार्यालयको सहज कार्य वातावरणमा समेत असर गरी जनतालाई छिटो छरितो र प्रभावकारी ढंगबाट सेवा प्रवाह गर्न असहज हुनुका साथै सुशासनको मर्ममाथि समेत प्रहार हुने अवस्था सृजना भएकाले उक्त निन्दनीय तथा घृणित कार्यहरुमा संलग्न व्यक्तिहरुको पहिचान गरी अविलम्ब कानूनको दायरामा ल्याई हदै सम्मको कारबाही गर्न सम्बन्धित सबै पक्षहरुमा जोडदार अपिल गर्दछौं।

**अर्जुनधारा नगरपालिका कर्मचारी परिवार**

अर्जुनधारा,झापा



## पायल्स तथा फिस्टुला समस्याको छारसूत्र विधिबाट सफल उपचार !

काठमाडौंबाट आउनु हुने डाक्टरद्वारा साउन २४ गते शुक्रबारका दिन पायल्स, फिस्टुला, फिसर, दिशाबाट रगत जाने, पीप देखिने, मलद्वार चिलाउने, मलद्वार बरिपरि घाउ हुने, कब्जियत, मासु पलाएको, त्यस्तै ग्याष्ट्रिक, गानोगोला, अल्सरको उपचार हुने भएकोले विरामी वर्गले अग्रिम नाम दर्ता गराउन सक्नुहुनेछ।

**माता मनकामना आयुर्वेद क्लिनिक**

अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर,
बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)



नेपालीहरुको लागि भरपर्दो सेवा

## मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

भारतको पानीटंकीस्थित नेपालीहरूको एक मात्र मोटरसाइकल पार्ट्सका सामान होलसेलमा शुपथ मूल्यमा पाउनुका साथै ग्यारेन्टीका साथ सर्भिसिङ पनि गरिन्छ।



**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**

पानीटंकीको पहिलो गल्ली बायाँ साइड
सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)



Study in Japan

## जापानिज भाषा

N-4 & N-5 का तयारी कक्षा

JLPT (N-4) को लागि भरपर्दो शिक्षण संस्था।

BEF BIRTAMODE EDUCATION FOUNDATION

बिर्तामोड एजुकेशन फाउण्डेशनमा

- स्तरिय जापानिज भाषाको व्याकरण अध्यापन गराईने।
- विस्तृतरूपमा खान्जी अध्यापन गराईने।
- प्रत्येक हप्ता जापानिज भाषाको परिक्षा गराइने।
- ग्रुपमा आउने विद्यार्थीहरूलाई विशेष छुटको व्यवस्था।
- N-5 गरिसकेका विद्यार्थीलाई N-4 को कक्षामा समावेश गराईने।

आजै सम्पर्क गर्नुहोस। प्रशिक्षक: तेज प्रसाद सिलवाल

फोन: ०२३-५४०६६२ / ९८०११९०४३२


## स्वास्थ्य बिमा बीएण्डसीमा पनि



**बिर्तामोड, साउन १९।** झापाको बिर्तामोडमा रहेको बीएण्डसी अस्पतालले स्वास्थ्य बिमा कार्यक्रम लागू गर्ने भएको छ।

सर्वसाधारणलाई सर्वसुलभ स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्यले भदौ १ गतेबाट स्वास्थ्य बिमा लागू गर्न लागेको

(बाँकी अन्तिम पृष्ठमा)


## सञ्जीवनी अस्पतालमा विशेष डाक्टरहरूको सेवा

| डा. सीपी यादव | डा. दीपक पौडेल |
| --- | --- |
| वरिष्ठ मुटु रोग विशेषज्ञ | वरिष्ठ नवजात शिशु तथा |
| अब २४ सै घण्टा | बाल रोग विशेषज्ञ |

दैनिक सेवाहरु:

- बालरोग सेवा
- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति सेवा
- छाला तथा यौन रोग सेवा
- फिजिसियन (मधुमेह, प्रेसर, पेट, छाती तथा थाइराइड) सेवा
- नाक, कान, घाँटी रोग सेवा
- भिडियो एक्स-रे सेवा

नोट: ओपीडी सेवा, विहान ९ बजेदेखि ५ बजेसम्म। २४ सै घण्टा इमरजेन्सी तथा ICU सेवा

**सञ्जीवनी अस्पताल प्रालि**

बिर्तामोड-१, झापा (०२३-५४४२६०)



## Newton's Education Academy


Birtamode-05, Jhapa

Announces Vacancy for following post:

| S. No. | Subject | Class/Level | Qualification |
| --- | --- | --- | --- |
| 1 | Social Studies | Basic Level (VI & VII) | Bachelor or Equivalent |

1. Fluency in English language is a must.
2. Experienced ones are encouraged to apply.
3. Last date of submission of the testimonials along with a hand written application is **21st of Shrawan 2076.**

**Note: Applicant's also can apply via email address given below.**



**Contact details:**
Phone No. 023-540196, 9842623904
*Email: newtonschool102@gmail.com*


## पूजा सामग्री लिएर फर्किँदा मृत्यु

**झापा, साउन १९।** संखुवासभा मकालू गाउँपालिका -३ एक्वा बस्ने ६२ बर्षीय घले सेर्पाको भीरबाट लडेर मृत्यु भएको छ।

शनिवार दिउँसो बजारमा पूजाको सामग्री किन्न गएका सेर्पाको सामान किनेर फर्किने क्रममा भीरबाट खसेर मृत्यु भएको हो। राति ९ बजे नजिकै रहेको महाभीरबाट अन्दाजी ५० मिटर तल खस्दा उनको मृत्यु भएको आफन्तले आइतवार इलाका प्रहरी कार्यालय हेदाङ्नामा जानकारी गराएका थिए।

घटनाको जानकारी पाउना साथ प्रहरी टोली खटी गई कानूनी प्रकृया पूरा गरेको प्रहरीले जनाएको छ।


❒ T.U. Equivalent Degree ❒ Approved by Ministry of Education, Nepal



ADMISSION OPEN in BBA

BALMIKI LINCOLN COLLEGE
Birtamode, Jhapa
Tel. 023-542373 Mob. 9815999988
www.facebook.com/balmikilincoln balmiki.lincoln@gmail.com



झापा शिवसताक्षी - १ फूलबारी चोकस्थित पूर्व- पश्चिम महेन्द्र राजमार्गमा असुरक्षित तरिकाले सामान ढुवानी गर्दै गरेको मोटरसाइकल नियन्त्रणमा लिँदै ट्राफिक प्रहरी । **तस्वीरः पूर्वाञ्चल**

# गौरीगञ्ज भन्सारलाई जग्गा अभाव, कर्मचारी बस्दैनन्

**गौरीगञ्ज, साउन १९।** झापाको गौरीगञ्ज गाउँपालिकामा रहेको आठमौजा छोटी भन्सार कार्यालय जग्गा र कर्मचारी अभाव झेलिरहेको छ। कर्मचारीहरुको दरबन्दी रहेपनि कार्यालय सहयोगीको भरमा सो भन्सार चलेको छ ।

आठमौजा छोटी भन्सार कार्यालयलाई स्तरोन्नति गरी नाकारुपमा स्थापित गर्न नेपाल सरकारले मन्त्रीस्तरीय बैठकबाट निर्णय भइसकेको गौरीगञ्ज गाउँपालिकाका अध्यक्ष बाबुराजा श्रेष्ठ बताउँछन् । नाका बनाउन कम्तिमा ५ देखि ७ विगाहसम्म जग्गाको आवश्यकता रहेकोले जग्गाको व्यवस्थापन गर्न बस्ती नै अन्यत्रै सार्नु पर्ने देखिएको भन्दै त्यसका लागि सहयोग गर्न अध्यक्ष श्रेष्ठले आग्रहसमेत गरे । नेपालतर्फको भन्सार नाका खोल्न नेपाल सरकार तयार रहेकोले त्यस विषयमा भारत सरकारसँग वार्ता भइरहेको उनले जानकारी दिए ।

मेची भन्सार कार्यालयका प्रमुख टेकबहादुर अर्यालले भन्सार नाकाका लागि सबै प्रक्रिया अघि बढिसकेको बताए । भन्सार नाकाका लागि आवश्यक जग्गाको व्यवस्थापनका लागि नेपाल सरकारले स्थानीयहरुलाई मुआब्जा दिएर भएपनि नाका स्थापना गर्न लागीपरेको उनले बताए । स्थानीय सरकार, सरोकारवाला, संघसंस्था र स्थानीयले चासो लिए चाँडोभन्दा चाँडो नाका स्थापना हुने भन्सार प्रमुख अर्यालले बताए ।

यसैबीच स्थानीयबासीहरुले सरकारले जग्गा माग गरे मुआब्जा लिएर जग्गा दिन तयार रहेको बताएका छन् । उनीहरु नाका स्थापना भए गौरीगञ्जको मुहार फेरिने र आर्थिक गतिविधि बढेर राजश्व पनि संकलन हुने बताउँछन् । उनीहरुका अनुसार छोटी भन्सार भएकोले सो नाकाबाट अवैधानिक तरिकाबाट लाखौंको लत्ता कपडा, तेल, लसुन, चिनीलगायतका खाद्यवस्तुहरु नेपालतर्फ भित्रिरहेको छ ।

नेपाल सरकारले अवैध सामग्रीहरु नेपाल-भारत सीमानामा आयात निर्यात नियन्त्रण गरी राजश्व संकलन गर्ने उद्देश्यले भन्सार कार्यालय स्थापना गरेपनि माथिल्लो तहका कर्मचारी कार्यालयमा बस्दैनन् । भन्सारमा कार्यालय खोल्ने र बन्द गर्ने कार्यालय सहयोगीहरु मात्र बस्दा सोचे अनुसारको राजश्व संकलन हुन सकेको छैन ।

भारतसँगै सीमा जोडिएको गौरीगञ्ज गाउँपालिकाको साथै आसपासका क्षेत्रमा रहेका बजार क्षेत्रको व्यापार व्यवसाय बढाउन छोटी भन्सार कार्यालयको स्तरोन्नति गर्न स्थानीयबासीहरुले माग गरेका छन् । गौरीगञ्जको खजुरगाछीमा छोटी भन्सार कार्यालय रहेपनि वैरीया क्षेत्रमा हालसम्म भन्सार कार्यालय छैन । गौरीगञ्ज उद्योग वाणिज्य संघको अगुवाइमा संघका अध्यक्ष मखना महतो गैदारको नेतृत्वको टोलीले मेची भन्सार कार्यालय काँकरभिट्टा पुगी छोटी भन्सार कार्यालयको अवस्थाको बारेमा जानकारी गराएको थियो ।

टोलीले गौरीगञ्ज वैरीया क्षेत्रमा भन्सार घुम्ती टोली राखिनु पर्ने, ५० हजारसम्मको भन्सार काटिनुपर्ने, भारतीय नम्बर प्लेटका गाडीहरु नेपाल प्रवेश गर्दा पटके पुर्जी काट्न इजाजत दिनु पर्ने माग गरेका थिए ।

त्यसअवसरमा मेची भन्सार कार्यालय काँकरभिट्टाका तत्कालीन प्रमुख भीम अधिकारीले त्यसका लागि भन्सार कार्यालय सकारात्मक रहेको जानकारी गराएका थिए । छोटी भन्सार कार्यालयको पुरानो भवन जीर्ण अवस्थामा छ । सोही भवनमा एकजना नासुसहित दुई जना कार्यालय सहयोगीको दरबन्दी रहेको छ ।

केही वर्ष पहिले दरबन्दी अनुसारका कर्मचारीहरु बसेर भन्सार काट्ने गरेका थिए । पछिल्लो समयमा पालैपालो कार्यालय सहयोगीहरु मात्र बस्ने गरेका छन् ।

भन्सार पुर्जी समेत काट्न नसक्ने केही कार्यालय सहयोगीहरु बस्दा राजश्व समेत घट्ने गरेको स्थानीयबासीहरु बताउँछन् ।

गौरीगञ्जमा छोटी भन्सार कार्यालय रहेपनि भारततर्फ भन्सार कार्यालय नरहेकाले कार्यालय सहयोगी मात्र पठाएको र आवश्यक परेमा माथिल्लो तहको कर्मचारी तुरुन्त पठाइने मेची भन्सार कार्यालय काँकरभिट्टाका प्रमुख अर्यालले बताए ।

भन्सारमा नियमित रुपमा कर्मचारीहरु बसेर भारतबाट नेपालतर्फ भित्रिने सामानहरुको भन्सार काट्दा व्यापार व्यवसाय समेत बढ्नुका साथै राजश्व समेत सोचेभन्दा बढी संकलन हुने स्थानीयबासीहरु बताउँछन् ।

गौरीगञ्ज क्षेत्रमा भारतीय नम्बर प्लेटका २ चक्के र ४ चक्के सवारीका साधनहरु प्रशस्त मात्रामा आउने तर पटके पुर्जी काट्न इजाजत नहुँदा राजश्व समेत घटेको गौरीगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष महतो बताउँछन् ।

गौरीगञ्ज क्षेत्रमा भारतसँग सीमाना जोडिएका दुईवटा नाका रहेकाले दुवै नाकामा भन्सार कार्यालय राख्न आवश्यक छ । दुवै नाकामा भन्सार कार्यालय राखेमा कर छलीको सम्भावना घट्नुको साथै राजश्व वृद्धि हुने स्थानीयवासी बताउँछन् ।

## आक्रमणमा २९ को मृत्यु

**झापा, साउन १९। (रासस/एएफपी)** संयुक्त राज्य अमेरिकाको दुई छुट्टाछुट्टै स्थानमा २४ घण्टाको अन्तरालमा भएका आक्रमणमा मृत्यु हुनेको सङ्ख्या २९ पुगेको छ ।

शनिबार राति एक बन्दूकधारीले टेक्सासको एल पासोस्थित वालमार्ट स्टोरमा चलाएको गोली लागी २० जना मारिएको १३ घण्टा नबित्दै ओहाओको डेटनमा एक रात्रिकालिन मदिरालयबाहिर आइतबार नेपाली समय अनुसार १०:४५ बजे एक बन्दुकधारीले आक्रमण गर्दा नौ जनाको मृत्यु भएको हो । दुबै घटनाको अमेरिकी प्रहरीले पुष्टि गरेको छ ।

आक्रमणकारीको प्रहरीले गरेको सुरक्षा प्रतिरक्षाका क्रममा मृत्यु भएको छ । पछिल्लो घटनामा २६ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ ।

## स्तनपान गराउने घट्दै

**झापा, साउन १९।** सुदूरपश्चिम प्रदेशमा छ महीनासम्म स्तनपान गराउने आमा घट्न थालेका छन् । आमा निजी र सरकारी कार्यालयमा कामकाजी हुन थालेपछि स्तनपान गराउने कार्य कम हुँदै जान थालेको हो ।

शिशु जन्मेको एक घण्टाभित्र बिगौती दूध खुवाउन शुरु गरी ६ महिनासम्म दूध खुवाउनु पर्ने भए पनि महिलाले समय नपाएर दूध खुवाउन छाड्दै जान थालेका छन् । आमाको दूधको आवश्यकता पर्ने शिशुलाई आमा रोजगारीका लागि कार्यालयमा गएपछि घरपरिवारले गाईभैंसी वा बट्टाको दूध खुवाउने गरेको छ ।

कार्यालयमा शिशुलाई स्तनपान गराउने स्थान अभाव हुनु तथा सौन्दर्य बिग्रने गलत मानसिकताले आमाले स्तनपान गराउने कार्य कम हुँदै जान थालेको सुदूरपश्चिम स्वास्थ्य निर्देशनालयका पब्लिक हेल्थ नर्श ममता जोशीले बताइन् ।

## ‘रंगशालाको नाम परिवर्तन नगरे फेरि चिहान बनाउछौं’

**बिर्तामोड, साउन १९।** आदिवासी जनजातिहरुको समाधीस्थल मासेर तयार गरिएको आदिवासी रंगशालाको नाम नसच्याए आफूहरु जस्तोसुकै आन्दोलन गर्न पछि नहट्ने आदिवासी जनजाति समुदायका नेताहरुले चेतावनी दिएका छन् ।



झापाको कमल गाउँपालिका - ५ मा रहेको आदिवासी रंगशाला तथा स्मृति पार्कको नाम परिवर्तन गर्दै सरकारले मदन भण्डारी अन्तराष्ट्रिय रंगशाला नामकरण गरेसँगै आन्दोलनमा रहेको आदिवासी जनजाति महासंघले समाधीस्थललाई कुनैपनि हालतमा नाम परिर्वतन गर्न नदिने चेतावनी दिएको हो ।

महासंघका झापा अध्यक्ष भरतकुमार श्रेष्ठले बिर्तामोडमा आइतवार आयोजित पत्रकार सम्मेलनमा बोल्दै आदिवासी रंगशालाको आन्दोलनलाई यस पटक निर्णायक वनाउने दावी गरे । उनले भने - ‘सरकारले आदिवासी जनजातिहरुको संस्कृति र सम्पदा मास्ने चेष्टा गरेको छ यो दुस्साहस हाम्रा लागि मान्य छैन ।’

जसरी काठमाडौंमा नेवार समुदायको भावना विपरीत गुठी विधेयक ल्याउँदा सरकार पछि हट्नु पऱ्यो । त्यसैगरी आदिवासीको पहिचान नामेट पार्ने खेलमा सरकार लागेकाले हाम्रो नाममा रहेको रंगशालालाई नाम परिर्वतन गरेर आदिवासी जनजातिको भावनामा ठेस पुऱ्याएकाले कडा संघर्षमा उत्रनुको विकल्प नरहेको अध्यक्ष श्रेष्ठले बताए ।

उनले भने - ‘२०६६ सालमा तत्कालीन सशस्त्र प्रहरी उपरीक्षक गणेश ठाडा मगरको अगुवाई र जातीय संस्थाहरुको समन्वयमा त्यहाँको २९ बिगाह क्षेत्रमा रहेका ७ सय ४५ वटा समाधीस्थल नष्ट गरेर स्मृति पार्कसहित रंगशाला निर्माण गर्ने सहमति भएको थियो । हामी रंगशाला निर्माणमा सहमत भएका थियौं, तर हामीलाई थाहा नै नदिई रंगशालाको नाम परिर्वतन गरेर हामीलाई सरकारले धोका दियो ।’

रंगशाला निर्माणकै लागि राष्ट्रिय योजना आयोगको क्रमागत योजनामा परेर सरकारले पहिलोपटक आर्थिक वर्ष ०६७/०६८ मा एक करोड बजेट विनियोजन गरेको थियो । तत्कालीन रक्षामन्त्री तथा वर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीले सो रंगशाला शिलान्यास समेत गर्नु भयो - अध्यक्ष श्रेष्ठले भने- ‘आदिवासी रंगशाला’ कै नाममा दोस्रोपटक पनि आर्थिक वर्ष २०७०/०७१ मा डेढ करोड र तेस्रोपटक आर्थिक वर्ष ०७१/०७२ मा ३५ लाख रुपैयाँ बजेट विनियोजन भएको थियो तर कार्यान्वयन हुन भने सकेको थिएन । आर्थिक वर्ष २०७२/०७३ मा सरकारले एकाएक आदिवासी रंगशालाको नाम परिवर्तन गरेर ‘मदन भण्डारी अन्तराष्ट्रिय रंगशाला’ को नाममा ४० लाख रुपैयाँ बजेट विनियोजन गऱ्यो,त्यसपछि केपी शर्मा ओली पहिलोपटक प्रधानमन्त्री हुँदा आर्थिक वर्ष ०७३/०७४ मा पनि ‘मदन भण्डारी अन्तराष्ट्रिय रंगशाला’ को नाममा एक करोड बजेट विनियोजन भयो । नाम परिवर्तनकै विषयलाई लिएर आदिवासीले विरोध गरेपछि उक्त रकम समेत फ्रिज भएको अध्यक्ष श्रेष्ठले बताए ।

पत्रकार सम्मेलनमा बोल्दै आदिवासी जनजाति महासंघका अर्का नेता प्रेम घिसिङले रंगशालाको नाम परिर्वतन नगरे रंगशालामा समाधीस्थल बनाउने चेतावनी दिएका छन् । उनले बहुमतको सरकार आदिवासीको पहिचान मेट्दै नश्लवादी चिन्तनका साथ अगाडि बढेको भन्दै उनले सरकारलाई वहुमतको दम्भ नदेखाउन चेतावनी दिए ।

उनले आदिवासीको पहिचान नामेट पार्ने खेलमा नलाग्न आग्रह गर्दै आदिवासी जनजातिसँग गरेको सम्झौता पालना गर्न आग्रह गरे । उनले केही व्यक्तिको निच स्वार्थका कारण आदिवासी रंगशालालाई सुटुक्क मदन भण्डारी अन्तराष्ट्रिय रंगशाला नामकरण गरेर आदिवासी जनजाति माथि खेलवाड गर्न खोजेको आरोप लगाए ।

उनले तत्कालीन रक्षा मन्त्री विद्यादेवी भण्डारीले २०६७ साल वैशाख ३ गते शिलान्यास गरेको सन्दर्भ उठाउँदै हाल राष्ट्रपतिमा आसिन रहेको समयमा आफूले शिलान्यास गरेको रंगशालाको विषयमा चासो दिन आग्रह गरे ।

यसैबीच २५ औं अन्तराष्ट्रिय विश्व आदिवासी दिवस साउन २४ गते आदिवासी रंगशालामै भव्य रुपमा मनाउने पत्रकार सम्मेलनमा जानकारी दिइयो । सोही दिन प्रदेश नम्वर १ का मुख्यमन्त्री शेरधन राईलाई साक्षी राखेर आन्दोलनका कार्यक्रम घोषणा गरिने बताइएको छ । संघीयता र स्वायत्तता सहितको पहिचान संविधान संशोधन सहितको हाम्रो अभियान भन्ने मूल नाराका साथ आदिवासी जनजातिहरुले विश्व आदिवासी दिवस मनाउन लागेका हुन् । उनीहरुले संविधानको धारा ५६ को उपधारा ५ बमोजिम विशेष क्षेत्र स्वायत्त क्षेत्र, क्लष्टर क्षेत्र छुटुयाउने उल्लेख गरिएपनि संविधान जारी भएको तीन वर्षसम्म पनि कार्यान्वयन नभएको भन्दै आपत्ति जनाएका थिए ।

झापामा करिव साढे ५ लाख आदिवासी समुदायको जनसंख्या रहेको बताइएको छ । आदिवासीहरु एक साथ आदिवासी रंगशालामा उत्रिएर आफूहरुको अधिकारका लागि अघि बढ्ने वक्ताहरुले चेतावनी दिएका छन् । जिल्लामा २५ वटा जातीय संस्था रहेको पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

### काम...

साँझ प्रहरीले पक्राउ गरेको छ ।

मोरङ बेलबारी बस्ने २१ वर्षीया र सुनसरी इटहरी बस्ने १७ वर्षीया किशोरीलाई प्रलोभनमा पारी यौनधन्दा गराएको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय इटहरीबाट खटिएको प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो ।

### स्वास्थ्य...

अस्पतालका कार्यकारी निर्देशक दुर्गा प्रसाईले जानकारी दिए ।

आइतवार अस्पताल परिसरमा पत्रकार सम्मेलन गर्दै हस्पिटलका कार्यकारी निर्देशक प्रसाईले नेपाल भरिका नागरिकलाई स्वास्थ्य विमा कार्यक्रमले तोके अनुसारका सेवा निःशुल्क उपलब्ध गराउने बताए ।

स्वास्थ्य बिमाका लागि विमाका कार्यकारी निर्देशक रमेशकुमार पोखरेल र अस्पतालबीच साउन १२ गते सम्झौता भएको पत्रकार सम्मेलनमा प्रसाईले बताए । आगामी १० वर्षभित्र २ लाखलाई रोजगारी दिने लक्ष्य छ - पत्रकार सम्मेलनमा प्रसाईले भने - यसै बर्षदेखि ३ हजारलाई रोजगारी दिने काम गरिरहेको छु ।

३ महिना अघि अर्डर गरेको क्यान्सर परीक्षण उपकरण हाल काँकरभिट्टामा आइसकेको उनले बताए । उनले सवैभन्दा राम्रो क्यान्सर रोग परीक्षण गर्ने उपकरण आइतवार वेलुकासम्ममा हस्पिटल भित्रिनेसमेत बताए ।

हस्पिटलका प्रिन्सिपल प्राध्यापक डाक्टर रामप्रसाद उप्रेतीले हस्पिटलका कार्यकारी निर्देशक प्रसाईको पैसा कमाउने भन्दा पनि नागरिकको सेवा गर्ने भावना रहेको बताए ।

उनले विएण्डसीले गरेका राम्रा कामको चर्चा नभएको गुनासो गर्दै भने - महँगो हस्पिटल भनेर बाहिर भ्रम फैलिए पनि सरकारी अस्पताल सरह उपचार सेवा दिँदै आएको छ ।

हस्पिटलका जनसम्पर्क अधिकारी प्रमिश गिरीले कार्यक्रमको सञ्चालन गरेका थिए ।

## कांग्रेसद्वारा एकीकृत सम्पत्ति कर फिर्ताको माग

**विर्तामोड, साउन १९।** एकीकृत सम्पत्ति करका नाममा बृद्धि गरिएको कर फिर्ता लिन माग गर्दै अर्जुनधारा नगरपालिका अन्तर्गत नेपाली कांग्रेसका ११ वटै वडासमितिले प्रत्येक वडा कार्यालयमा ज्ञापन पत्र बुझाएका छन् ।

नेपाली कांग्रेसका वडा सभापतिहरुको नेतृत्वमा अर्जुनधारा नगरपालिकाका-११ वटै वडाका वडाध्यक्षलाई ज्ञापनपत्र बुझाइएको नेपाली कांग्रेस अर्जुनधारा नगर सभापति हेमराज खरेलले जानकारी दिए । नेपाली कांग्रेसका अर्जुनधारा नगर सभापति खरेल, अर्जुनधारा- ५ का वडासभापतिद्वय देवीनाथ खतिवडा र तारानाथ बरालको नेतृत्वमा रहेको कांग्रेस कार्यकर्ताको टोलीले ५ नं वडाध्यक्ष ध्यानवहादुर भारतीलाई ज्ञापन पत्र बुझाएको थियो । अन्य १० वटै वडामा पार्टीका वडासभापतिको नेतृत्वमा वडा कार्यालयमा पुगेको कांग्रेस कार्यकर्ताको टोलीले स्थानीय वडाध्यक्षलाई ज्ञापनपत्र बुझाएका थिए ।

ज्ञापनपत्रमा सिंहदरबारको अधिकार गाउँगाउँमा ल्याउने लोकप्रिय नारासहित सत्तामा पुगेको दुईतिहाई वहुमतको कम्युनिष्ट नेतृत्वको सरकारले जनतालाई असहज हुने गरी लागू गरेको एकीकृत सम्पत्ति कर बृद्धि तत्काल फिर्ता नलिए चुप लागेर नबस्ने चेतावनी दिइएको छ ।

‘जनतालाई शोषण हुनेगरी ल्याइएको एकीकृत सम्पत्ति कर फिर्ता नभए जनताका बीचमा पुगेर चरणबद्ध रुपमा कडा आन्दोलनमा उत्रन बाध्य हुनेछौं’- ११ वटै वडामा बुझाइएको एकै ब्यहोराको ज्ञापनपत्रमा भनिएको छ- ‘स्थानीय जनताको व्यापक सहभागिता र नगरमा स्थापित र क्रियाशील राजनीतिक दलको परामर्श, सहकार्य, सुझाव र छलफलविना स्थानीय सरकारद्वारा लादिएको जनविरोधी कर फिर्ता लिई ब्यापक जनसहभागिता र छलफलपछि नयाँ कर निर्धारण गरियोस् ।’

जनताको आम्दानीको स्रोत, क्षमता र अवस्थाको मूल्याङ्कन गर्दै स्वेच्छा र रहरले कर तिर्ने वातावरण सिर्जना गर्नुपर्छ भन्ने नेपाली कांग्रेस पार्टीको ठहर रहेको उल्लेख गर्दै ज्ञापनपत्रमा सरकारी निकायमा हुने भ्रष्टाचार र अनियमितताको अन्त्य गरी जनताको आर्थिक स्तर उकास्ने, सेवासुविधा विस्तार गर्ने नीति ल्याउन समेत स्थानीय सरकारको ध्यानाकर्षण गराइएको छ ।

जनताका पीर मर्का समेटिएको नेपाली कांग्रेसको मागलाई सातदिनभित्र सम्बोधन नगरे चरणवद्ध आन्दोलनका कडा कार्यक्रम अघि बढाउन बाध्य हुने चेतावनी पनि ज्ञापनपत्रमा दिइएको छ ।

### क्यानडा...

गरिरहेकाहरु अहिले स्वीकृति लिएका केही शाखाका एउटै कार्यालयमा अलग-अलग टेबल राखी ठगी धन्दा चलाई रहेको प्रहरीको भनाइ छ । एजेन्ट खारेजपछि बिर्तामोडका अधिकांश मेनपावर कार्यालयको केही समयदेखि सटर बन्द छन् ।


**श्री कन्काई माध्यमिक विद्यालय**
माई नगरपालिका-२, इलाम
**शिक्षक आवश्यकता**

प्रकाशित मिति : २०७६ साउन १० गते

यस विद्यालयमा निम्न अनुसारको १ जना शिक्षकको पदपूर्ति गर्नुपर्ने भएकोले अध्यापन अनुमतिपत्र प्राप्त २१ वर्ष उमेर पुगी ४० वर्ष ननाघेका इच्छुक नेपाली नागरिकबाट रीतपूर्वकको दरखास्त आह्वान गरिन्छ ।

**निम्न**:
**पदः** शिक्षक (करार) **तहः** साविक उच्च माध्यमिक **विषयः** लेखा
**शैक्षिक योग्यताः** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन संकायबाट न्यूनतम् द्वितीय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण ।
**दरखास्त दिने अन्तिम मितिः** २०७६/०४/२४ गते बेलुका ४:०० बजेसम्म ।
**दरखास्त दस्तुरः** रु. १५००।-
**परीक्षाको किसिमः** लिखित र अन्तरवार्ता
**परीक्षा मितिः** दरखास्त दिने अन्तिम मितिको ५ दिनभित्र (उम्मेद्वारको मोबाइलमा दुई दिन अगावै म्यासेज पठाइनेछ)
**संलग्न गर्नुपर्ने कागजातहरुः** शैक्षिक योग्यताका प्रमाणपत्रहरु, अध्यापन अनुमति पत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
**सम्पर्क नं.** ०२७-४१२००५/९८४३७१३४८७/९८१४९९०२०३

**हरिप्रसाद पौड्याल : प्रधानाध्यापक**
**एवम् सदस्य सचिव शिक्षक छनौट समिति**



**स्टेशनरी पसल विक्रीमा**

बिर्तामोडस्थित मनकामना कलेज अगाडि चालू अवस्थामा रहेको स्टेशनरी पसल तु- विक्रीमा छ ।

सम्पर्क : ९८२४००४९१८



**बिमालेख हरायो**

झापाको सुरुङ्गाबाट बिर्तामोड आउने क्रममा यही मिति २०७६/०३/१२ गते मेरो निम्न व्यहोराको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम**:- बुद्ध पौडेल
**ठेगाना**:- कनकाई नपा -१, झापा
**कम्पनी नाम**: नेपाल लाइफ इन्स्योरेन्स क.
**बिमा लेख नं.**:- २०२०४४७७८
**सम्पर्क नं.** : ९८१३५६९८८४



**मोटरसाइकल विक्रीमा**

बजाज कम्पनीको कालो, सेतो रंगको Pulsar 220 मे७प ९७९२ नम्बरको मोटरसाइकल विक्रीमा रहेकोले इच्छुकले सम्पर्क गर्नुहोला ।

मो. नं. ९८१७०१०२५०



**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७५९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

# सीमा व्यवस्थित गर

**नमच्चिने पीङको सय झड्का– यो उखान जहिल्यै सान्दर्भिक छ । हाम्रा पुर्खाहरुले व्यवहारको आधारमा यस्ता उखान बनाए जो अलग–अलग विषय र अवस्थामा जहिल्यै प्रमाणित हुने गरेका छन् । आज पनि हामी जीवन र जगतका सम्पूर्ण विषयमा अभ्यास नै गरिरहेका छौं । इतिहासदेखि आज पर्यन्त जति परिवर्तन भए ती सबैलाई अभ्यास कै रुपमा लिएका छौं । यसबीचमा भएका राजनीतिक परिवर्तन र त्यसले लिएको बाटो पनि अभ्यास कै रुपमा चलेको छ ।**

**आफूमा भरपर्ने जीवन पद्धति नबनेसम्म स्वतन्त्र र स्वाधीन हुन सकिँदैन । हामी भने प्रत्येक वर्ष, प्रत्येक दिन र क्षण परनिर्भरताको भारी थप्दैछौं । भएको कृषि वस्तुको आत्मनिर्भरता पनि विदेशी चमक–दमकले ओझेलमा परेपछि आफ्नो भन्ने हामीसँग केही छैन । यस्तोमा राष्ट्रको समृद्धिका लागि भन्दै सरकारले निर्माण गरेको नीति तथा नियम कानून समेत स्वयम्का लागि प्रत्युत्पादक बन्ने गरेको छ । अर्थतन्त्रको सवलताले राष्ट्रको समृद्धि हुने भएकाले त्यसतर्फ राज्य सञ्चालक उन्मुख छन् तर त्यसको प्रभाव, असर वा परिणामका बारेमा कुनै अध्ययन वा विश्लेषण भएको छैन ।**

**उहिल्यै भीमसेन थापाले स्थापना गरेको भन्सारले आयातित वस्तुमा कर लगाउँछ । यसरी संकलित कर राज्यको ढिकुटीमा जम्मा हुन्छ । त्यही कोष विकास निर्माण लगायत जनताको जीवन परिवर्तन र सुधारका लागि खर्च गरिन्छ । त्यही कार्यालय सीमानाकामा स्थापित छन्, जसलाई व्यवस्थित गर्न प्रहरीहरु कार्यरत छन् । आयातित वस्तुको गुणस्तर, मात्रा र वैधताको परीक्षण गर्न प्रविधिको प्रयोग गर्नुपर्छ । त्यस्तो प्रविधि विविध उपभोग्य वस्तुका लागि फरक–फरक हुन्छन् । त्यसको सुप्रबन्ध, सुप्रयोग र सुसञ्चालनले सम्बद्ध कार्यालयको क्षमता र औचित्य बढाउँछ ।**

**पूर्वी नेपालको सीमामा रहेको मेची भन्सार कार्यालयले राष्ट्रको आम्दानीमा विशेष भूमिका निर्वाह गर्छ । त्यसको सेवा विस्तारका लागि एक्स–रे मेसिन पनि जोडियो । तर, सञ्चालन भएको केही समयपछि बिग्रिएको मेसिन महिनौं बित्दा पनि बनिएको छैन । एकीकृत सुरक्षा चेकजाँच प्रणालीका नाममा जडान गरिएको अत्याधुनिक मेसिन नबनिँदा चेकजाँच आँखाले गर्नुपर्ने बाध्यता छ । यात्रुहरुले ल्याएका सामानहरु समेत सोही मेसिन भएर जाँचिने हुँदा सुरक्षाको संवेदनशीलतालाई मध्यनजर गर्दै प्रणाली दुरुस्त बनाउनुपर्छ । त्यसका लागि क्षमता अभिवृद्धि गर्दै प्रविधिको विकाससँगै आत्मनिर्भरताका लागि राज्यले अग्रसरता देखाउनु पर्दछ । अन्यथा पिङ मच्चिँदैन मात्र झड्का हान्नेछ ।**

सामाजिक सञ्जाल



घुस कर्मचारीले नै खाने, १८% ले तलब कर्मचारी कै बढ्ने, मन्त्री परिषद्को निर्णयले गरिएको कुनै काम, भ्रष्टाचार नै भए पनि अख्तियार नै नलाग्ने, जनता रूँदै कर तिर्ने, अब सुशासन र भ्रष्टाचाररहित राज्यको निर्माणसहित, निश्चित रूपले मुलुकको सम्बृद्धि हुने नै भयो ?

**– उद्दव थापा**



केही चल्तिका नेता र विश्लेषकहरु
शनैःशनै असान्दर्भीक लाग्दैछन्,
समयमै विश्राम लिएर थप
स्खःलित हुनबाट बच्ने कि !

**– केदार खड्का**



बिहे नगर्ने घोषणा गरेर बसेको साथीले बिहे गरेछ । सबैले उसलाई प्रतिज्ञा भंग गर्नुको कारण सोधे । उसले जवाफ दियो– 'उनी पनि बिहे नगर्ने प्रतिज्ञा गरेर बसेकी रैछन् । दुबैको विचार मिल्यो, बिहे गरियो ।'

**– डा. विजय पौडेल**




आफ्नै चेलीहरुबाट यौन दुर्व्यवहारको आरोप लाग्दा मौन बसेकाको चेलाहरु स्तुतीगान मार्फत नयाँ चोला दिलाउने तीव्र दौडमा रहेछन् । पानाहरु खुब भरिन थालेका छन् स्तुतीबाट ।

**– केपी ढुंगाना**

## नेपालको अर्थतन्त्रको मूल विशेषता

# श्रम निर्यात र वस्तु आयात



तीर्थराज खरेल

श्रम निर्यात र वस्तु आयात गर्ने वर्तमान पिछडिएको नेपाली अर्थतन्त्रलाई स्वदेशी श्रमबाट स्वदेशमै उत्पादित वस्तु निर्यात गर्ने विकसित अर्थतन्त्रमा बदल्नुपर्ने आजको प्रमुख चुनौति हो । नेपालीहरु वैदेशिक रोजगारीमा जाँदा एकातिर उनीहरुका लागि सुरक्षा चुनौति चुलिँदो छ भने यसबाट मुलुकको विकासको गति पनि अल्मलिएको र निकै समस्यामा परेको छ ।

मुलुक र मुलुकबासीलाई हृदयको गहिराइदेखि माया गर्ने अर्थविद्हरुले अब दक्ष जनशक्ति नेपाल निर्माणमा लाग्नुपर्ने र त्यसको लागि राज्यले उचित व्यवस्थापन गर्नुपर्ने धारणा राख्ने गर्छन् । नेपाली युवालाई देशमा रोजगारको पर्याप्त अवसर सृजना नभएसम्मका लागि वैदेशिक रोजगारमा जाने, सुरक्षित रुपमा विप्रेषण भित्र्याउने र सीप, क्षमता र अनुभव लिएर स्वदेश फर्कनका लागि नेपालमा र सम्बन्धित रोजगारदाता देशमा जान, रहन, बस्न र सुरक्षित रुपमा फर्कन सहजीकरण गर्नु जायज छ, तर त्यति नै जोड लगाएर स्वदेशमै स्वरोजगार सिर्जना गरी




समाज र परिवारसँगै रहन उत्प्रेरित गर्न पनि जरुरी छ ।

हाल नेपालको अर्थतन्त्र निर्वाहमुखी कृषि प्रणाली मात्रै भएको छ, अब कृषिलाई यान्त्रिकीकरण गर्दै आधुनिकीकरण गरेर उत्पादन र रोजगारमुखी कृषि प्रणाली अवलम्बन गर्नुपर्ने आवश्यकता भइसकेको छ । दक्ष, अर्धदक्ष वा अदक्ष जे-जस्ता भए पनि युवा शक्ति विदेशिने कारण देश विकास हुन नसकेको तीतो यथार्थ हो, यसलाई नबदल्ने हो भने आगामी एक सय वर्षपछि नेपालको अवस्था यस्तै रहने अनुमान गर्न सकिन्छ ।

वास्तवमा अब विकास र समृद्धिलाई केन्द्रमा राखेर श्रमशक्ति नेपालकै विकास र समृद्धिमा लगाउने उद्देश्यका साथ नेपाल सरकारले नीति बनाउन जरुरी छ । नेपाली दक्ष, अर्धदक्ष र अदक्ष जनशक्ति लाखौंको संख्यामा विदेशिनु परेको विद्यमान अवस्थाको अन्त्य गर्नका लागि पूँजी आकर्षित गरी नेपालमै रोजगारी सिर्जना गर्नुपर्ने र आयातभन्दा निर्याततर्फ जोड दिनुपर्ने हुन्छ ।

विशाल अर्थतन्त्र, सैन्यशक्ति र जनसंख्या भएका दुई छिमेकी मुलुकको बीचमा रहेको नेपालको विकास र समृद्धिको ठूलो सम्भावना रहेको छ । यो भौगोलिक चुनौतिलाई अवसरको रुपमा लिएर दुबै मुलुकसँग व्यापार-व्यवसायलाई जोडेर अगाडि जान सके नेपाल सम्पन्न हुन त्यति धेरै वर्ष लाग्दैन । केही दशकभित्रै नेपालको विकास र समृद्धि नयाँ उचाइमा उठन सक्ने सम्भावना रहेको छ । सबैले आ-आफ्नो जिम्मेवारी आ-आफ्नो ठाउँबाट पूरा गर्ने हो भने नेपालीहरु बाध्य भएर विदेशिनुपर्ने परिस्थितिबाट चाँडो मुक्ति मिल्ने विश्वास गर्न सकिन्छ । वैदेशिक रोजगारीमा जाने वातावरणको अन्त्य गर्दै नेपालमै रोजगारीको व्यवस्था गर्न जरुरी छ ।

वास्तवमा नेपालमा रोजगारीका अथाह सम्भावना रहेको र कृषि, पर्यटन र जलस्रोतबाट नेपालमा लाखौं रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको यथार्थ हो । वैदेशिक रोजगारमा रहेका युवा हाल नेपालमा १५ वर्षदेखि ४० वर्षसम्मका युवा जनशक्ति कूल जनसंख्याको करिब ४० प्रतिशतको हाराहारीमा रहेको छ । यो समूह आर्थिक क्रियाकलापका हिसाबले सक्रिय समूह हो । २०६८ सालको जनगणना अनुसार यस्तै सक्रिय समूहबाट १९ लाख २१ हजार ४९४ जना विदेशमा बसोबास गरिरहेको देखियो । यसको ठीक दस वर्षअघि २०५८ सालको जनगणनामा भने विदेशमा बस्ने जनसंख्या सात लाख ६२ हजार १८१ मात्र थियो । यस हिसाबले दिनप्रतिदिन बिदेशिनेको संख्या तीव्र गतिमा बढिरहेको छ । गरिबीको कुचक्रबाट देशलाई निकाल्न नसकेसम्म भावी कैयौं पुस्तासम्म यही विदेशिनेको संख्या बढ्ने क्रमको निरन्तरता रहिरहन्छ ।

केही वर्षअघिको केन्द्रीय तथ्यांक विभागको तथ्यांक अनुसार आ.व. २०७४/०७५ मा वैदेशिक रोजगारबाट कूल गार्हस्थ उत्पादनको २४.२५ प्रतिशत रेमिटेन्स भित्रिएको देखिन्छ । सोही अवधिमा कूल गार्हस्थ उत्पादनको ८.७९ प्रतिशत वस्तु तथा सेवाको निर्यात र ४५.५३ प्रतिशत वस्तु तथा सेवाको आयात भएको देखिन्छ । बिदेशिनु कसैको रहर हुँदैन, तर बाध्यतासामु हामी जोकोही नतमस्तक छौं । वैदेशिक रोजगारकै कारण आजभोलि हाम्रा गाउँघर शून्य प्रायः छन् । रेमिटेन्सले अर्थतन्त्र धान्नु भनेको हुट्टियाउँले आकाश थेग्छु भने सरह हो । गणतन्त्र र लोकतन्त्र स्थापनापश्चात् आएको वैदेशिक रोजगार ऐनले समेत परम्परागत श्रम निर्यात गर्ने सिलसिलामा कुनै उल्लेखनीय परिवर्तन ल्याउन सकेको छैन ।

अर्थशास्त्रले विदेशिएका युवाले पठाएको विप्रेषणको प्रतिशतको हिसाब गर्न सक्ला, तर बाकसमा बन्द भएर हरेक दिन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उतारिने युवाहरुको लाशको हिसाब-किताब हुन सक्दैन । त्यसबाट उजाडिएको परिवारको कथा कुनै अर्थशास्त्रको सिद्धान्तले विवेचना गर्न सक्दैन । कतिपय युवालाई त जुन कामका लागि भनेर लगिएको हुन्छ, त्यो भन्दा फरक प्रकृतिको परिश्रम गर्न लगाएर मानव तस्करी गरिँदा पनि त्यसको मूल्यको हिसाब गर्न हामी असमर्थ प्रायः छौं । हाम्रा गाउँघरमा बाँझिएको जग्गा-जमिनमा खेतीपाती, पशुपालन, वृक्षरोपण र संरक्षण गर्नेदेखि बाटोघाटो, पुलपुलेसा सबै कार्य सोही विकासे फौजले गर्ने हो, तर त्यो विदेसिएको छ, त्यसैले न काम ठीक समयमा हुन्छ, न विदेसिएका युवाका परिवारजनका मनमा शान्ति नै छ ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को दुई तिहाईको सरकार सञ्चालन भएको १७ महिना भएको छ । सरकारले समृद्ध नेपाल, सुखी नेपालीको नारा दिएर आफ्नो कार्यभारलाई ठोस गरेको छ । मुलुक समृद्ध बनाउन आयात घटाउने र निर्यात बढाउने काम गर्नुपर्छ । त्यसका लागि उत्पादन बढाउने, उद्योगधन्दा खोल्ने, कृषिलाई आधुनिकीकरण गर्ने, स्वरोजगारका कामहरू बढाउने, कृषकलाई प्रोत्साहित गर्ने काम सरकारले गर्नुपर्छ । त्यो प्रभावकारी रूपमा भएको देखिँदैन । कृषि प्रधान देशमा कृषि कर्म गर्ने उत्पादनशील लाखौं युवा जनशक्तिलाई विदेश पलायन हुन बाध्य पारिएको छ- लाग्छ, अभिषप्त नेपाली युवाको नियति विदेशिनु नै हो ।

हाम्रा युवाले विदेशमा तल्लोस्तरको काम गरेर जहान परिवार पाल्दै आएका छन् र उनीहरुको कमाइले राष्ट्रिय उत्पादनमा खासै योगदान दिन सकेको छैन । कृषिप्रधान देश भनिएको छ, तर सात अर्बभन्दा बढीको तरकारी आयात भएको छ, एक खर्ब बढीको खाद्यान्न आयात भएको छ तर त्यसको तुलनामा नगन्य मात्रामा निर्यात भएको छ । अर्बौंको फलफूल, ऊन, मसला र मासु विदेशबाट आयात भएको छ भने अर्बौंको दूध आयात भएको छ । ती वस्तु उत्पादन गर्ने युवा नेपाली जनशक्ति भने यहाँ रोजगार नपाएर प्रतिदिन २५ सयको हाराहारीमा विदेश पलायन भइरहेका छन् ।

अर्कोतर्फ, विदेशमा राम्रो शिक्षा पढ्ने नाममा, रोजगारी पाउने लालसामा, धेरै कमाउने, सुखी जीवन जीउने र उपचार गर्ने नाममा खरबौ रुपैयाँ नेपाली मुद्रा विदेशमै गएको छ । विदेशमा कमाएको पैसा विलासी सामान किन्ने लोभमा उतै फर्किएको छ । राष्ट्रिय अर्थतन्त्रमा यसले कुनै योगदान गरेको छैन । राज्यले करोडौं लगानी गरेका विशेषज्ञ, विज्ञ र वैज्ञानिकहरू राम्रो जागिरका लागि विदेशमै बसेर मुलुकलाई खोक्रो बनाइरहेका छन् । श्रम निर्यात र वस्तु आयात गर्ने परनिर्भर बजार अर्थतन्त्रको विस्तार र कृषिप्रधान अर्थतन्त्रको तीव्र विघटनको क्रमलाई विराम दिएर मात्र हाम्रो देशको सुल्टो यात्रा हुनसक्छ । औद्योगिक पूँजीको सट्टा वित्तीय पूँजीको विस्तार र राज्यसत्ताको दोहनको क्रम बढ्दो छ । दलाल पूँजीको विगविगी छ । अब राष्ट्रिय औद्योगिक पूँजीको विकास र तलबाट सामुदायिक क्षेत्रको जग निर्माण गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रको आधारमा समुन्नत संघीय समाजवादको आधार तयार गर्नुपर्ने आजको मूल दायित्व हो ।

*tirthakharel2028@gmail.com*

# साउने सोमबारमा नागपञ्चमी शुभ संयोग



सबैभन्दा पवित्र दिनको रुपमा मानिने नाग पञ्चमी यो बर्ष साउन २० गते सोमबारका दिन परेको छ । भगवान शिवको गलामा बस्ने नाग भगवान शिवकै पवित्र दिन साउने तेस्रो सोमबारका दिन पर्नु निक्कै शुभ संयोग हो । यो दिन नाग पञ्चमी र कल्की जयन्ती एकै दिन मनाइन्छ । नागपञ्चमी सर्पको पूजा गर्ने दिन हो । नागपञ्चमी श्रावण महिनामा शुक्ल पक्षको पञ्चमीका दिन मनाइन्छ । यो श्रद्धा र विश्वासको पर्व हो । नागलाई धारण गर्ने भगवान् भोलेनाथको पूजा आराधना गर्नु पनि यो दिनमा शुभ मानिन्छ ।

**नाग पञ्चमीको विशेषता**

आजको दिन नागको चित्रमा दूध, दही, अक्षता, फूल, दुबो राखी गाईको गोबरको सहायताले घरको ढोका माथि टाँस्ने गरिन्छ । आजको दिनदेखि वषार्याम समाप्त भई हिउँद शुरू भएको पनि मान्ने गरिन्छ । नागका अष्टकुल अर्थात् अनन्त, बासुकी, पद्म, महापद्म, तक्षक, कुलीर, कर्कट र शंखे नागको चित्र टाँस्नाले त्यस्तो घरमा चट्याङ नपर्ने तथा आगो र सर्पको डर समेत नहुने धार्मिक विश्वास रहेको छ । ज्योतिषशास्त्र अनुसार पञ्चमी तिथिका स्वामी नाग देवता हुन् । भूमिमा नाग देवताको बसोबास हुने र भूमि खन्दा नागलाई कष्ट हुने सम्भावना भएकाले नागपञ्चमीका दिन भूमिमा हलो जोत्नु वा जग राख्नु शुभ मानिँदैन ।

**नाग पञ्चमी व्रतको विधि**

नाग पञ्चमीमा नाग देवताका निमित्त व्रत लिने गरिन्छ । यस व्रतमा पूरै दिन व्रत बसेर सूर्यास्त भएपछि नाग देवताको पूजाका लागि खीर प्रसाद पकाई, त्यसलाई सर्वप्रथम नाग देवताको मूर्ति अथवा शिव मन्दिरमा अर्पण गरी (भोग लगाई) प्रसादका रूपमा वितरण गर्ने र आफू स्वयम्ले समेत ग्रहण गर्नुपर्दछ । व्रत अवधिभरि कुनै किसिमको भोजन गर्नुहुँदैन र समाप्तिमा समेत नुन खानु वा चिल्लोचाल्लो परिकारहरूको प्रयोग पनि वर्जित छ । साथै व्रतसँग सम्बन्धित सबै नियमको पालना गर्नुपर्दछ ।

**मुख्य द्वारमा नाग देवताको आकृतिको पूजा**

नाग पञ्चमीमा नागको चित्र बनाई पूजा गरेर घरमा टाँस्नाले सर्प भए हुँदैन भन्ने हिन्दू शास्त्रको मान्यता रहेको छ । नाग पञ्चमीका दिनदेखि हिउँद लाग्छ भन्ने भनाई रहेको छ । नाग पञ्चमीका दिन कागजमा नाग, बिच्छी जस्ता बिषालु जीव जनावरहरूका चित्र बनाएर पूजा गरी घरको दैलोमा टाँस्ने चलन छ ।

यसका साथै नाग पञ्चमी र श्रीपञ्चमीका दिनमा हलसारो गर्न दिन जुराउनु पर्दैन भन्ने धार्मीक मान्यता रहेकाले हलसारो (पहिलो पटक हलो जोताई) गरेर हिउँदे खेतीको तयारी थाल्ने चलन पनि रहेको छ भने बडिमालिका लगायत विभिन्न ठाउँमा छरिएर रहेका मालिका मन्दिरमा पूजा गर्न जाने श्रद्धालुहरूले व्रत गर्ने, भूमी सयन गर्ने र ब्रह्मचार्य धारण गर्ने चलन रहेको छ । नाग पञ्चमीका दिन नेपाल र भारतका विभिन्न नाग देवताको मन्दिरहरूमा नाग पञ्चमी मेला लाग्दछ ।

नागपञ्चमीका दिन व्रतालुले पाँचवटा टाउका भएको वा अष्टकुली नागको आकृति बनाई आफ्नो घरको ढोकामा गाईको गोबरले टाँस्ने चलन छ । गोबरको अभावमा गमको प्रयोग पनि गर्न सकिन्छ । त्यसपछि नागदेवतालाई दूध, दुबो, कुश, चन्दन, फूल, अक्षता, लड्डु अर्पण गरी पूजा समेत गरेर निम्नाङ्कित नाग स्तोत्रको पाठ गर्ने गरिन्छ : नागगायत्रीको मन्त्र (ॐ नव कुलाय विध्महे विषदंताय धीमहि तन्नो सर्पः प्रचोदयात्)को समेत एक माला (१०८ पटक) जप गर्ने गरिन्छ । यो नागमन्त्रको तीन माला जाप गर्दा नाग देवता प्रसन्न हुन्छन् भन्ने विश्वास छ । नाग देवतालाई श्रीखण्डको सुगन्ध विशेष प्रियकर हुन्छ । त्यसैले नागपूजामा श्रीखण्ड चन्दनको प्रयोग गर्नु राम्रो मानिन्छ, त्यस्तै आजको दिनको पूजनमा सेतो कमलको प्रयोग गर्ने विधान छ । आज यी सम्पूर्ण कृत्य गर्न सक्दा 'कालसर्प योग' दोषको शान्ति पनि हुन्छ ।

**के नाग पूजा गर्नाले सर्प भय हुँदैन त ?**

हुन त सबै चाडपर्वहरू मनाउनुको पछाडि कुनै न कुनै रहस्य लुकेको हुन्छ । यस्तै हिन्दूहरूले प्रत्येक वर्ष श्रावण शुक्ल पक्षको पञ्चमी तिथिमा मनाउने नाग पञ्चमीको महत्व पनि त्यतिकै देखिन्छ । यो पर्व बर्षायाममा पर्ने भएकाले सर्प बिच्छी आदि बिषालु जनावरहरूको प्रकोप हुनु स्वभाविकै हो हिन्दू धर्मको मान्यता अनुसार यो दिन नागको पूजा गर्नाले सर्पहरूका राजा नाग देवता खुशी हुन्छन् त्यसैले नाग पूजा गर्ने मान्छेलाई सर्पको डर हुन्न भन्ने छ ।

यो कुरा सत्य होस् अथवा नहोस् तर नाग पूजा गर्दा सर्पको डर नहुने केही कारणहरू छन् । बर्षायाममा घर वर पर ठूला-ठूला झारहरू उम्रिएर सर्प तथा अन्य बिषालु



जीव-जनावरहरू घरमा भित्रिने प्रबल सम्भावना रहन्छ । अर्को कुरा साउन भदौतिर बर्षा भयो भने भारी बर्षा हुने र घाम लागेमा निकै टन्टलापुर गर्मी हुने गर्छ यस्तो मौसममा सर्पहरू घाम र पानीबाट बच्ने ठाउँको खोजीमा हुन्छन् । यस्तो अवसरमा घर वरपर जंगल भएमा सर्पहरू सोझै घरमा पस्न आउँछन् । मानिसहरू चाडपर्वमा घरको अन्य कामकाज छोडेर पनि आफ्नो घर आगन सफा गर्छन् यसरी घर आगन सफा भएर घर वरपर नाङ्गो भयो भने सर्पहरूको डर हुने कुरै भएन । यसकारण नाग पञ्चमीमा नागको पूजा गर्नाले सर्पको डर हुँदैन भन्ने कुरा १००५ सत्य मानिन्छ ।

**नागको पूजा कसरी गरिन्छ ?**

नाग पञ्चमीको पहिलो दिन ब्राह्मणले कागजमा विभिन्न नागहरू जस्तैः बासुकी नाग, तक्षक नाग, कर्कट नाग, पद्म नाग, कालिय नाग, शेष नाग इत्यादि नागहरूका चित्र हातले अथवा छाप (स्टैम्प)मा छापेर यजमानका घर घरमा बाँड्दछन् । यसरी नागका चित्र बनाएको कागजमा चन्द्र, सूर्य, शंख, चक्र, गदा, पद्म, माछा र बिच्छीका चित्र पनि समावेस हुन्छन् । साथै नागको पूजा गर्ने मन्त्र पनि यसै कागजमा लेखिएको हुन्छ । यदि ब्रामणले नाग न ल्याएमा आफैले बनाउने गर्छन् आफूले बनाउन जान्दैन भने अरूसँग बनाई माग्छन् । भोलिपल्ट अथवा नाग पञ्चमीका दिन नागको पूजा गरेर घरको दैलोमा टाँस्ने गरिन्छ । नाग टाँसेर नागको प्रार्थना गर्ने मन्त्र :

*'अस्तिकस्य मुनेर्मातर्जगदानन्दकारिणी ।*
*एध्यहि मनसा देवी नागमातर्नमोऽस्तुते ।'*

घरको जग खन्दा नागको शिर विचार, नयाँ घर बनाउँदा घरको जग खन्ने बेलामा नागको शिरको विचार गर्नुपर्छ भन्ने शास्त्रीय विधान रहेको छ । नागको शिरमा खन्दा आफूलाई पीडा, पछाडि खन्दा छोरा र पत्नीलाई दुःख, जाँघमा खने अनावश्यक व्यय हुने, पेटमा खने सर्वत्र सफलता पाइन्छ । भाद्र, आश्विन र कार्तिकमा पूर्व । मंसिर, पुस र माघमा दक्षिण । फागुन, चैत्र र बैशाखमा पश्चिम तथा जेठ, असार र श्रावणमा उत्तरमा नागको शिर हुन्छ ।

**कालसर्प योगको कारण र त्यसको निवारण**

ज्योतिषमा योगको महत्व हुन्छ । ज्योतिषमा राम्रा र नराम्रा गरी ४०३५ वटा योगहरू छन् । त्यसमा ६३ प्रतिशत राम्रा हुन्छन् भने ३७ प्रतिशत नराम्रा हुन्छन् भनिन्छ । ती नराम्रा मध्येको दुई स्थानमा रहेको योग हो कालसर्प योग जसका कारण मानवले अरु असल योगहरूबाट पाउनुपर्ने राम्रा फलहरू पनि ३० प्रतिशत मात्र पाउने गर्छ भन्ने विश्वास ज्योतिषहरूको छ ।

मेयरको निर्देशन

# मद्यपान त्याग, नत्यागे पद त्याग

**दमक, साउन १९।** मद्यपान तथा धुम्रपान प्रयोग गर्नेहरु दमकमा मेलमिलापकर्ता हुन नसक्ने भन्दै त्यस्तो कुलत भएको भए त्याग्नलाई दमक नगरपालिकाका प्रमुख रोमनाथ ओलीले बताएका छन् ।

वडास्तरीय मेलमिलाप समितिका पदाधिकारी तथा सदस्यहरुका लागि भएको कार्यक्रममा बोल्दै नगर प्रमुख ओलीले मद्यपान गर्ने भए मेलमिलापकर्ताको पद त्याग्न निर्देशन दिँदै अब एक रोज्नुपर्ने बताए ।

'दमक नगरपालिकाले स्थानीय समस्या स्थानीय स्तरमा नै समाधान गर्नका लागि मेलमिलाप समिति बनाएर त्यहाँ नमिलेका बिषयहरुमात्र दमक नगर न्यायिक समितिमा ल्याउन अभिप्रेरित गर्दै आएको छ । तपाईहरु नै मद्यपान गर्दै हुनुहुन्छ भने तपाईहरुले गरेको निर्णय न समाजले पत्याउँछ न त त्यो निर्णय सुझबुझका साथ भएको हुन्छ' -ओलीले भने । उनले आफूमा परिवर्तन ल्याउन र गाउँ समाजले पत्याउने हुनका लागि अनुरोध गरे ।

प्रदेश नं. १ का प्रदेश सभा सदस्य अर्जुन राईले निर्णय लिँदा कसैको प्रभावमा र नातागोताको रुपमा नलिन आग्रह गरे । 'यस विषयमा तपाईहरुलाई कतिसम्म थाहा छ, आफन्तको मुद्दा पर्‍यो भने त्यस्ता मेलमिलापकर्ता निर्णय गर्दा बस्नुहुन्न' -राईले भने । उनले पनि मद्यपान गर्ने बानीलाई छाड्न आग्रह गरे । 'आचरण सुधार गरेर समुदायमा सबैले पत्याउने बन्नुभयो भने मात्र विश्वास बढ्छ' -उनले भने ।

दमक नगरपालिका उपप्रमुख गीता अधिकारीले मेलमिलापकर्ता एवम् मध्यस्थताकर्ताले कानूनी ज्ञान राख्नुपर्ने जनाउँदै पढ्ने र कानूनी ज्ञान सिक्ने कुरामा ध्यान नदिएको भन्दै यसमा ध्यान दिन आग्रह गरिन् । उनले नगरपालिकाले कानूनी पुस्तकालय नै स्थापना गरेको बताउँदै त्यहाँ आएर अध्ययन गर्न आग्रह गरिन् ।

जिम्मेवारी पाएपछि त्यसलाई पालना गर्न कानूनी ज्ञान आवश्यक पर्छ र त्यो सिक्न पढ्ने बानी बसाल्नुहोस्' -अधिकारीले भनिन् ।

इलाका प्रहरी कार्यालय दमकका प्रमुख श्यामल सुब्बाले मेलमिलाप गर्ने बहानामा गम्भीर अपराधका बिषयहरुमा छलफल नगर्न आग्रह गरे । उनले कुनै पनि विवादको बिषयमा छलफल गर्नुपर्दा समस्या आएमा वा अन्योल सिर्जना भएमा आफूहरुसँग बुझेमा त्यसको सही बाटो सिकाउनका लागि सधैँ तयार रहेको बताए । 'सबैको सहकार्यबाट मात्र मेलमिलाप र कानूनी राज्यको स्थापना हुन सक्छ' -सुब्बाले भने ।

त्यस्तै दमक नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गणेश तिम्सिनाले मेलमिलापकर्ताको जिम्मेवारी गहन भएको बताउँदै यसलाई सामान्य रुपमा नलिन आग्रह गरे । स्थानीयस्तर तथा वार्डस्तरमा सरकार भएको अनुभूत गर्नका लागि यसको भूमिका पनि निर्भर रहने उनको भनाइ थियो । 'कुनै पनि समस्याहरु पर्दा वार्डबाट नै मिल्दा रहेछन् र न्याय पाइँदो रहेछ भन्ने भयो भने स्थानीय सरकारप्रति विश्वास बढ्छ' -उनले भने ।

कार्यक्रममा सहयोग पुर्‍याइरहेको यु.एन.एच.सि.आरका कार्यक्रम अधिकृत जेम्स मान्डोले स्थानीय सरकारसँग मिलेर आफूहरु मेलमिलापकर्ताको क्षमता विकासमा सहयोग गर्न सधैँ तयार रहेको र यसभन्दा अगाडि पनि सहयोग गर्दै आएको बताए । उनले आफूहरु स्थानीय सरकारसँग मिलेर यस क्षेत्रका जनताको सुखका लागि काम गर्न तत्पर रहेको प्रतिबद्धता जनाए ।

न्यायिक समिति दमकका सदस्य कमल श्रेष्ठका अनुसार तीन दिनसम्म सञ्चालन भएको पुर्नताजगी कार्यक्रममा ६० जनाभन्दा बढि मेलमिलाप तथा मध्यस्थकर्ताहरु सहभागिता रहेको थियो । वडामा निर्वाचित जनप्रतिनिधि संयोजक रहने गरी सामाजिक अगुवा तथा राजनीतिक प्रतिनिधिहरु मेलमिलाप समितिमा रहेका छन् ।

## दुर्गापुर बजारको स्वर्ण महोत्सव

**दुर्गापुर, साउन १९।** कनकाई नगरपालिका वडा नं. ७ स्थित दुर्गापुर बजार स्थापनाको ५०औं बर्षगाँठ मनाइने भएको छ । दुर्गापुर बजारमा आयोजित बजार व्यवस्थापन समिति र कनकाई नगरपालिका-७ वडा समितिको संयुक्त भेलाले सो निर्णय गरेको हो ।

वि.सं.२०२६ साल असोज १२ गतेदेखि प्रारम्भ भएको दुर्गापुर बजार आगामी असोज १२ गते आइतबारदेखि ५०औं बर्षमा प्रवेश गर्दैछ । सोही दिन स्वर्णमहोत्सव बर्षको उद्घाटन गरी बर्षैभरि हरेक महिना कार्यक्रम गरी अर्को बर्ष समापन गरिने भएको छ । बजार व्यवस्थापन समितिका अध्यक्ष देवीप्रसाद भट्टराईको संयोजकत्वमा एक सय ५१ सदस्यीय मूल समारोह समिति, २९ सदस्यीय सचिवालय समिति र १५ वटा विभिन्न उपसमितिहरु समेत गठन गरिएको छ ।

गठित उपसमितिहरुमा गणेश पोखरेलको संयोजकत्वमा ५१ सदस्यीय सल्लाहकार समिति, प्रकाश शिवाकोटीको संयोजकत्वमा पाँच सदस्यीय आर्थिक समिति, अनिरुद्र चापागाईको संयोजकत्वमा सात सदस्यीय सांस्कृतिक समिति, कृष्ण श्रेष्ठको संयोजकत्वमा ११ सदस्यीय खेलकुद समिति, डिल्लीराम परदेशीको संयोजकत्वमा सात सदस्यीय साहित्य समिति, अमृत योङहाङको संयोजकत्वमा पाँच सदस्यीय सूचना तथा सञ्चार समिति, गीता चौहानको संयोजकत्वमा ११ सदस्यीय अतिथि सत्कार समिति गठन गरिएको छ ।

त्यस्तै खड्गप्रसाद वास्तोलाको संयोजकत्वमा ११ सदस्यीय सरसफाई समिति, दुर्गा नेम्वाङको संयोजकत्वमा पाँच सदस्यीय स्मारिका सम्पादन समिति, कुशल न्यौपानेको संयोजकत्वमा ११ सदस्यीय मञ्च व्यवस्थापन समिति, गोपाल शिवाकोटीको संयोजकत्वमा २५ सदस्यीय स्वयम्सेवक परिचालन समिति, प्रेमकुमार फोम्बोको संयोजकत्वमा ११ सदस्यीय झाँकी व्यवस्थापन समिति, इन्द्रहरि भट्टराईको संयोजकत्वमा सात सदस्यीय स्वास्थ्य समिति, मनोज थापाको संयोजकत्वमा नौ सदस्यीय अतिरिक्त समिति, प्रल्हादप्रसाद घिमिरेको संयोजकत्वमा सात सदस्यीय अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिएको छ ।

अध्यक्ष देवीप्रसाद भट्टराईको अध्यक्षतामा भएको कार्यक्रममा वडाअध्यक्ष लिलाबहादुर कन्दङ्वाले कार्यक्रमको औचित्य माथि प्रकाश पारेका थिए । कार्यक्रममा डिल्लीराम चौलागाई, अमृत योङहाङ, प्रल्हाद प्रसाद घिमिरे, गेहनाथ उप्रेती लगायतले मन्तव्य राखेका थिए भने कार्यक्रमको सञ्चालन राजु अधिकारीले गरेका थिए ।

# रोटरी मिडटाउनको पद हस्तान्तरण



**बिर्तामोड, साउन १९।** रोटरी क्लव अफ विर्तामोड मिडटाउनको छैठौं तथा रोट्र्याक क्लब अफ बिर्तामोड मिडटाउनको पाचौं पद हस्तान्तरण कार्यक्रम संयुक्तरुपमा सम्पन्न भएको छ ।

प्रमुख अतिथि पास्ट डिष्ट्रीक गर्भनर पीडीजी दिलेन्द्रराज श्रेष्ठले रोटरी क्लव अफ बिर्तामोड मिडटाउनका सन् २०१९/२०२० का अध्यक्ष शिवकुमार अग्रवाललाई रोटरीको कलर पहिर्‍याएर पद हस्तान्तरण गराए लगत्तै नवनियुक्त अध्यक्ष अग्रवाललाई पद तथा गोपनियताको सपथ गराएका थिए । चार्टर प्रेसिटेण्ट सन्तोष अग्रवालले नव नियुक्त अध्यक्ष अग्रवाललाई विर्तामोड मिडटाउनको च्याप्टरको प्रमाणपत्र तथा आइपिपि पास्ट प्रेसिडेण्ट शुभ कुमाई पाठकले ग्यावल गन प्रदान गरेकी थिइन् ।

आफूले सपथ लिएपछि उनले अन्य पदाधिकारीहरुलाई पद तथा गोपनियताको सपथ गराए । रोट्र्याक क्लब अफ बिर्तामोड मिड टाउनको सन् २०१९/२०२० अध्यक्ष विवेक कोइरालालाई रोट्र्याकका असिष्टेण्ट डिष्ट्रीक सेक्रेटरी सन्नी गोयलले रोटरीको कलर पहिर्‍याएर पद हस्तान्तरण गराए लगत्तै नवनियुक्त अध्यक्ष कोइरालालाई पद तथा गोपनियताको सपथ गराएका थिए ।

राकेश न बुढाथोकीले रोटरी क्लब अफ बिर्तामाड मिडटाउन रोट्र्याक क्लब अफ बिर्तामोड मिडटाउनले सन् २०१८/२०१९ मा भए गरेका कामको चर्चा गरेका थिए । यो वर्ष रोटरी मिडटाउनमा छ जनाले नयाँ सदस्यता प्राप्त गरेका छन् ।

उनीहरुलाई कार्यक्रमका विशिष्ट अतिथि एजी असिष्टेण्ड गर्भनर कुमार गिरीले इन्डक्सन गराएका थिए । पद तथा गोपनियताको सपथसँगै सबैलाई प्रमुख अतिथि पास्ट डिष्ट्रीक गर्भनर पीडीजी दिलेन्द्रराज श्रेष्ठले रोटरीको पिन तथा पास्ट डिष्ट्रीक सेक्रेटरी पीडीएस प्रफुल्लमान श्रेष्ठले बुकी प्रदान गरेका थिए ।

पुष्पाञ्जली सिन्हाले प्रमुख अतिथि पीडीजी दिलेन्द्रराज श्रेष्ठको व्यक्तित्वका बारेमा प्रकाश पारेकी थिइन् । रोटरी क्लव अफ बिर्तामोड मिडटाउनका सचिव सुमन शर्मा जमरकट्टेलले सञ्चालन गरेको कार्यक्रममा प्रेसिटेण्ट इलेक्ट प्रशान्त भण्डारीले स्वागत गरेका थिए ।

भूमिका पोखरेल लगायले मन्तव्य राखेको कार्यक्रममा मिडटाउनका दिनेश पोखरेलल टोस्ट प्रोपोजल प्रस्तुत गरेका थिए । मिडटाउनका पव्लिक इमेज चियर गजेन्द्र पौडेलले धन्यवाद ज्ञापन गरेका थिए ।

छापाखाना
बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि | स्टाम (छाप) | अफसेट प्रिन्ट | स्क्रीन प्रिन्ट | फ्लेक्स प्रिन्ट | होर्डिङ्ग बोर्ड | लेमिनेशन | डिजिटल प्रिन्ट
घिमिरे अफसेट प्रेस बिर्तामोडमा
फोन नं. ०२३-५४२१५९, ९८४२६२५३५३/९८१४०३६३४४

पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ

(हल ए) नेपाली तथा हिन्दी सिनेमा
पहिलो शो ११:४५ रातो गलबन्दी
दोस्रो शो २:४५ खान्दानी सरिफ खाना
नाइट शो ७:१५ खान्दानी सरिफ खाना

(हल बी) अंग्रेजी तथा नेपाली सिनेमा
पहिलो शो ११:४५ Fast & Furious Presents : Hobbs & shaw 3D
दोस्रो शो २:४५ न एता न उता
तेस्रो शो ७:१५ Fast & Furious Presents : Hobbs & shaw 3D

२०७५।१२-१५ देखि अनलाइन बुकिङ्ग खुल्ला गरिएको ।
www.pathivaracineplaza.com
बुकिङ्ग गरेको टिकट आधाघण्टा पछि स्वतः क्यान्सिल हुनेछ ।
फोन नं. ०२३-५४६४३६

## 'बोट रेस'को उपाधि चारआली जेसीजलाई

**मेचीनगर, साउन १९।** मेचीनगरमा आयोजित 'अन्तर जेसीज बोट रेस' प्रतियोगिताको उपाधि चारआली जेसीजले जितेको छ ।

नेपाल सरकारले सन् २०२० लाई नेपाल भ्रमण वर्ष घोषणा गरेसँगै यसलाई सफल रुप सम्पन्न गर्ने हेतुले झापाको मेचीनगर-११ स्थित कालिका सामुदायिक वन क्षेत्रमा रहेको कालिका सिमसारमा आयोजित 'अन्तर जेसीज बोट रेस' प्रतियोगितामा सहभागी दुई लेडी जेसीजसहित १२ वटा जेसीज शाखालाई पछाडी पार्दै निर्धारित दुरी १३ मिनेट १३ सेकेण्डमा पार गर्दै चारआली जेसीज प्रथम भएको हो ।

प्रतियोगितामा कमलनगर जेसीजले १३ मिनेट ३४ सेकेण्डमा दुरी पार गर्दै दोस्रो भयो भने सुरुङ्गा जेसीजले १३ मिनेट ४३ सेकेण्डमा दुरी पार्दै तेस्रो भयो । विजयी शाखालाई धुलाबारी जेसीजका संस्थापक महासचिव छविलाल खतिवडा, जेसीजका अध्यक्ष केशवप्रसाद पोखरेल, कार्यक्रम संयोजक राजीव प्रसाई लगायतले पुरस्कार तथा प्रमाण पत्र प्रदान गरेका थिए ।

कार्यक्रमको उद्घाटन १ नम्बर प्रदेश सभा सदस्य श्रीप्रसाद मैनालीले गरेका थिए । कार्यक्रमको औचित्यमाथि प्रकाश धुलाबारी जेसीजका उपाध्यक्ष गगन पोखरेलले पारेका थिए । जेसीजका अध्यक्ष केशवप्रसाद पोखरेलको सभापतित्वमा भएको उद्घाटन सत्रमा कृष्ण कनाल, योगेश भट्टराई, सन्तोष मेचे लगायतले बोलेका थिए ।

महासचिव डिल्लीराम भण्डारीले सञ्चालन गरेको कार्यक्रममा सहसचिव आस्मा चापागाईंले आस्था वाचन तथा कार्यक्रम संयोजक राजीव प्रसाईले स्वागत गरेका थिए ।

बिना अपरेशन सफल उपचार
दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।
उपचार हुने समस्याहरु :
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।
बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) बिर्तामोड-१ कोल्ड स्टोर छेउ फोन . न. ०२३-५४१४६६/९८०६०००३१३

राजगढमा चलिरहेछन् यी चलचित्रहरु
नयाँ रिलिज चलचित्रहरु
पहिलो शो १२:०० बजे Appa न यता न उता (नेपाली)
दोस्रो शो ३:०० बजे खान्दानी सरिफ खाना (हिन्दी)
तेस्रो शो दिउँसो ७:४५ बजे खान्दानी सरिफ खाना (हिन्दी)
BHARAT
एभरेस्ट डिजिटल सिनेमा हल, राजगढ, झापा
टिकट अग्रिम बुकिङको लागि सम्पर्क नं. मो. ९८१७९५९७१०

झापाको बिर्तामोडदेखि इलामको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।
दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समय:
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५ ,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे १ ज ५६४, मे १ ज १७९९, मे १ ज ५४६, मे १ ज ६२५, मे १ ज ३०७
काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०३४४ वीरेन्द्र राई

वर्गीकृत विज्ञापन

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क: ९८१४९९३७१२, ९८६२६४८२८२, ९८४२६७७८५५, ९८२४९८११७४

सेफ्टी ट्याङ्की तथा ढल सफाई
अत्याधुनिक ट्रर्मो (त्वबदय) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'
सम्पर्क: ०२३-५५०६२०, ९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

कर्मचारी आवश्यकता
वेटर/वेट्रेस : १२ जना
क्लिनर : ५ जना (महिला/पुरुष)
कुक : १० जना
कुक-२ जना (फिदिम बजारको लागि म:म: बनाउन जान्ने)
तलब- २०,०००/- खाना+बस्नसहित ।
यहाँ होटल सम्बन्धी तालिम गराइन्छ ।
नेपाल जब्स केयर सर्भिस प्रा.लि.
अतिथि सदनको पश्चिमपट्टी जेसीज भवन पछाडि, फोन : ०२३-५४६६८३
मो.: ९८२५९८७९००

घर भाडामा
भद्रपुररोड (Ncell Center Building) को First Floor मा ३८०० स्क्वायर फिट फ्ल्याट र Ground Floor मा ७०० स्क्वायर फिट सटर क्षेत्रफल भएको घर भाडामा छ ।
सम्पर्क : मो. ९८५२६७७५०५

Private / Open SEE 2076
प्राईभेट SEE कक्षा-१० को आठ ओटै विषयका तयारी कक्षाहरुमा भर्ना खुल्यो ।
कक्षा-८ पास गरी अध्ययन छाडेका, कक्षा-९, १० वा SLC फेल भई बसेका विद्यार्थीहरुले यस वर्ष नै SEE पास गर्न सक्नेछन् ।
पाइथागोरस एजुकेशन फाउण्डेशन
अतिथि सदन रोड, बिर्तामोड
फोन. 023-544975 , मो.नं. 9807927033

आकर्षक जग्गा बिक्रीमा
झापाको धुलाबारीस्थित बासबारी पर्यटकीय क्षेत्र अगाडि व्यापार व्यवसाय गर्न अति उपयुक्त आकर्षक जग्गा बिक्रीमा छ । खरिद गर्न चाहने इच्छुकले सिधै सम्पर्क गर्नहोला ।
सम्पर्क : ०२३-५४५९०६, ९८५२६७३५८४, ९८०४९४६७१४, ९८२४९०२०५९

कोरियन भाषा
बिहान ६ बजेदेखि बेलुका ६ बजेसम्म
कोरियन भाषाका लागि ग्लोबल पिस नै किन ?
GLOBAL PEACE
Int'l Education Academy Pvt.Ltd.
Shanischare Road, Birtamod, Jhapa
Tel : 023-546214 | 9801061988 | 9801061989

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिँड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

कन्काई हस्पिटल प्रा. लि. बिर्तामोड, झापा विशेषज्ञ सेवा हाम्रो प्रतिबद्धता सबैको पहुँचमा हाम्रो स्वास्थ्य सेवा
डा.सन्तोष कु. मिश्र
डा.रोशन अटल
डा.पुष्पेन्द्र लिम्बु
डा.डि.के. आचार्य
डा.सबिन मानन्धर
डा.मो.अक्तर अली
डा. गौरव राज ढकाल
वरिष्ठ स्पाईन (मेरुदण्ड) विशेषज्ञ/सर्जन
राष्ट्रिय ट्रमा सेन्टर काठमाण्डौबाट
डा. विकास जैशी MBBS, MD, DM Hepatology (NAMS)
डा. मुक्ति आचार्य
MBBS, MD (TU)
वरिष्ठ मानसिक, नशा तथा मनोरोग विशेषज्ञ
डा.रोसन आचार्य
डा.सि.वि झा
नेपाल सरकार स्वास्थ्य विमा कार्यक्रम सञ्चालन भइरहेको जानकारी गर्दछौं।
२४सै घण्टा उपलब्ध सेवाहरु
- आकस्मिक तथा आपतकालिन सेवा
- आधुनिक भेन्टिलेटर सहित ICU सेवा
- जनरल तथा ल्याप्रोस्कोपी शल्यचिकित्सा
- आधुनिक एनलाइजर सहित प्याथोलोजी सेवा
- आकस्मिक दुर्घटनाको विशेष सुविधा तथा उपचार
- आधुनिक अमेरिकन कम्पनिको आर्थोस्कोपी मेसिनद्वारा जोर्नी फेर्ने र जोर्नी सफा गर्ने सर्जरी
- फार्मेसि सेवा
- ५०० ma डिजिटल x-ray सेवा
- जनरल फिजिसियन चिकित्सा सेवा
- स्त्री तथा प्रसूति शल्यचिकित्सा
- हाडजोर्नी तथा नसा शल्यचिकित्सा



ज्यो. मधुसुदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** अवसर प्राप्त भए पनि परिस्थिति त्यति सहज नरहला । सहयोगीहरूले आफ्ना कमजोरीको फाइदा उठाउन सक्छन् ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** अप्ठ्यारो पर्दा साथ दिने थोरै हुने छन् । बलजफ्ती गर्ने बानीले समस्या निम्त्याउन सक्छ । मेहनतको प्रतिफल अरूले हत्याउने चेष्टा गर्ने छन् ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** काम सम्पादन भए पनि तत्काल आम्दानीको आशा नराख्नुहोला । बलभन्दा बुद्धिको उपयोगले लाभ दिलाउनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** पहिलेको संकल्प पूरा गर्ने समय छ । काममा राम्रो शुरुवात हुनाले सोचेको नतिजा हातलागी हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** प्रशंसकहरू बढ्ने छन् र शुभचिन्तकहरूको साथ पाइनेछ । बुद्धिको उपयोगले विद्या र धन आर्जन हुनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** मेहनतले सम्मानित स्थान दिलाउनेछ । प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ । चिताएको काम बोलीको भरमा सम्पादन हुनेछ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** आफन्तसँग भेटघाट हुनाले परिवेश उल्लासमय रहनेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्ने छन् ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** प्रतिष्ठित काम गर्दै नाम र दाम कमाउने बेला छ । रचनात्मक काम प्रारम्भ गर्ने समय छ । सहयोगीहरूले राम्रो साथ दिने छन् ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** पहिलेको सफलताले पनि नयाँ काम गर्न हौसला प्रदान गर्नेछ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** खर्च लागे पनि लगानी बढाउने अवसर प्राप्त हुनेछ । दिगो योजनाका लागि ऋण लिने समय छ । शुभचिन्तकहरूको सहयोग प्राप्त हुनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ने पनि उपलब्धि हातपार्न सकिनेछ । तर, सानो कामलाई अत्यधिक खर्च हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** बेसुरको निर्णयले पछिलाई समस्या पर्न सक्छ । छर-छिमेकमा असमझदारी बढ्नेछ । आफन्त पनि टाढा हुने छन् ।

# झापामा राष्ट्रिय परिचयपत्र वितरण शुरु



**भद्रपुर, साउन १९।** झापामा आइतबारदेखि राष्ट्रिय परिचयपत्र वितरण शुरु भएको छ ।

जिल्ला प्रशासन कार्यालय झापाले असार ९ गतेदेखि राष्ट्रिय परिचयपत्र विवरण दर्ता शुरु गरेको झण्डै ४० दिनपछि परिचयपत्र वितरण थालेको हो ।

भद्रपुरस्थित राष्ट्रिय परिचयपत्र व्यवस्थापन कक्षमा कार्यक्रमको आयोजना गर्दै झापाका प्रमुख जिल्ला अधिकारी जनकराज दाहालले जिल्ला समन्वय समिति झापाका अध्यक्ष सोमनाथ पोर्तेललाई उनको राष्ट्रिय परिचयपत्र हस्तान्तरण गर्दै वितरण कार्यको शुभारम्भ गरेका हुन् ।

कार्यक्रममा झापाका सहायक प्रमुख जिल्ला अधिकारी माधवप्रसाद पोखरेल, सेवाग्राही प्रहिल घिमिरे र पत्रकार लक्ष्मी काफ्लेलाई समेत परिचयपत्र हस्तान्तरण गरिएको थियो ।

प्रदेश नम्बर १ को ताप्लेजुङबाट शुरु भएको राष्ट्रिय परिचयपत्र विवरण दर्ता कार्यक्रमलाई गृह मन्त्रालयले पाँच वर्षभत्र सबै नागरिकलाई राष्ट्रिय परिचयपत्र वितरण गर्ने नीति अनुरूप अघिल्लो वर्षदेखि झापासहित १५ जिल्लामा यो कार्यक्रमको विस्तार गरेको हो ।

एक व्यक्ति एक परिचयपत्र नम्बर प्रणालीमा नागरिकता, पासपोर्ट, सवारी चालक लाइसेन्स आदि एकीकृत गर्ने कार्यको शुरुवात गरिने सरकारको योजना अन्तर्गत झापामा हालसम्म एक हजार चार सय ५९ जनाले दर्ता गराएको जनाइएको छ । त्यसमध्ये नौ सय ९५ जनाको परिचयपत्र आइसकेको र त्यो परिचयपत्र आइतबारदेखि वितरण शुरु गरिएको प्रमुख जिल्ला अधिकारी दाहालले जानकारी दिए ।

उनका अनुसार यही आर्थिक वर्षभित्र जिल्लाको १५ वटै स्थानीय तहमा ३२ वटा व्यवस्थापन कक्षको स्थापना गरी राष्ट्रिय परिचयपत्र विवरण दर्ता र वितरण शुरु गर्ने योजना छ । 'नागरिकता लिएका हरेक नागरिकलाई राष्ट्रिय परिचयपत्र दिने प्रदान गरिने छ' -प्रजिअ दाहालले भने- 'नागरिकको सुविधाका लागि प्रशासन कार्यालयले सबै स्थानीय तहरुमा टोली खटाउँछ ।'

सरकारी, गैरसरकारी निकाय, बैंकहरू, टेलिकम, व्यावसायिक सेवा प्रदायक संस्थाहरूले प्रयोग गर्ने रजिष्ट्रेसन फारम र फारमहरू डिजिटाइज्ड गर्न यसले मद्दत पुऱ्याउनुका साथै दोहोरो सेवासुविधा लिने, झुठा विवरण पेस गर्ने, सेवासुविधाको दुरुपयोग गर्ने जस्ता कार्य नियन्त्रित भई लक्षित वर्ग समुदाय एवम् आम नागरिकले राज्य प्रदत्त सुविधाबाट प्रत्यक्ष लाभ लिन सक्ने सरकारको नीति रहेको सहायक प्रमुख जिल्ला अधिकारी पोखरेलको भनाई छ ।

# झापा गाउँपालिकामा शिक्षकलाई मासिकरुपमा तलब

**सुरुङ्गा, साउन १९।** झापा गाउँपालिकामा सामुदायिक विद्यालयमा कार्यरत् शिक्षकको तलब मासिकरुपमा प्रदान गर्न गाउँपालिकाले पहल शुरु गरेको छ ।

सामुदायिक विद्यालयका शिक्षकको तलबभत्ता चौमासिक रुपमा निकासा हुँदै आएकोमा झापा गाउँपालिकाले अब मासिक रुपमा प्रदान गर्ने तयारी गरेको हो । गाउँपालिकाले आफ्नो सामाजिक विकास सम्बन्धी नीतिमा सरकारी विद्यालयका शिक्षकलाई मासिक भुक्तानी गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ ।


निजामती कर्मचारीलाई मासिकरुपमा तलब भुक्तानी भए पनि शिक्षकले तलब पाउन लामो समय कुर्नुपर्ने बाध्यता थियो । समयमा तलब नपाउँदा कार्यसम्पादनमा पनि प्रभाव पर्दै आएको छ । झापा गाउँपालिकाले हालै सार्वजनिक गरेको आफ्नो चौथो गाउँसभाबाट पारित आ.व. २०७८/०७७ को बजेट, नीति तथा कार्यक्रम सार्वजनिक गर्ने क्रममा शिक्षा सम्बन्धी नीत पनि सार्वजनिक गरिएको हो ।

गाउँपालिकाले सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धिका लागि कार्य सम्पादनमा आधारित अनुदान/सहयोग प्रदान गर्ने, सामुदायिक विद्यालय लगायत यस क्षेत्रका सबै कार्यालयको गतिविधि अनुगमन गर्न प्रत्येक विद्यालय/कार्यालयमा क्रमशः विद्युतीय हाजिरी तथा सीसीटीभीको व्यवस्था गरी गाउँपालिकाबाट अनुगमनको व्यवस्था गर्ने, समग्रमा गाउँपालिकाभित्रबाट सबैभन्दा उत्कृष्ट नतिजा ल्याउने सामुदायिक मावि लाई पुरस्कृत गर्ने नीति पारित गरिएको झापा गाउँपालिकाका शिक्षा अधिकृत खड्गप्रसाद खरेलले जानकारी दिए ।

सामुदायिक विद्यालय र संस्थागत विद्यालयबाट सबैभन्दा उत्कृष्ट अंक ल्याउने एक जना छात्र र एक जना छात्रालाई नगद र कदर-पत्रसहित पुरस्कृत तथा सम्मान गर्ने, मुस्लिम समुदायबाट माध्यमिक शिक्षा परीक्षा (एसईई) उत्तीर्ण गर्ने छात्रालाई छात्रवृत्ति प्रदान गर्ने, विद्यालयहरूको पूर्वाधार निर्माणका लागि पहल गर्ने र खेलकुद तथा अतिरिक्त क्रियाकलापमार्फत विद्यार्थीको चौतर्फी विकासका लागि प्रतिष्पर्धात्मक खेलकुद तथा सांस्कृतिक कार्यक्रमको आयोजना गाउँपालिकाको पहलमा समेत गर्ने लगायतका नीतिहरु अघि सारिएको अधिकृत खरेलले बताए ।

साथै विद्यालय क्षेत्रलाई शान्ति क्षेत्र घोषणा गर्दै विद्यालयलाई पूर्ण सरसफाईयुक्त र वातावरणमैत्री स्वरुपमा रुपान्तरण गर्ने, सबै सामुदायिक विद्यालयमा कम्प्युटरहरूको प्रबन्ध गर्ने पहल गर्ने, गाउँपालिका क्षेत्रबाट कुनै विषयमा कसैले विद्यावारिधी गरेमा बढीमा त्यस्ता दुई जना शोधकर्तालाई जनही एक लाख सहयोग प्रदान गर्ने, गाउँपालिका क्षेत्रबाट कृषि/पशुपालनसँग सम्बन्धित बिषय अध्ययन गर्न चाहने विपन्न, दलित, आदिवासी, जनजाति र सिमान्तकृत समुदायका विद्यार्थीलाई बढीमा १४ जनालाई मासिक एक हजार रुपैयाँका दरले छात्रवृत्ति प्रदान गर्ने नीति अघि सारिएको गाउँपालिका अध्यक्ष जयनारायण शाहले जानकारी दिए ।

# एकै परिवारका सात जनामा डेंगुको संक्रमण



**सुनसरी, साउन १९।** सुनसरी सदरमुकाम इनरुवा-४ का एकै परिवारका सात जनामा डेंगुको संक्रमण भेटिएको छ ।

केही साताअघि देखापरेको डेंगु नियन्त्रणमा आएको बताइए पनि पछिल्लो पटक स्थानीय एक परिवारका सात जनामा डेंगुको संक्रमण फेला परेको इनरुवा नगरपालिकाले जनाएको छ । वडा नं. ४ मा निवासी सन्तोष गुप्ताको परिवारमा सातै जनामा सो रोग फेला परेको अस्पतालले जनाएको छ । यो सँगै इनरुवामा ११ डेंगु संक्रमित बिरामी फेला परेको उक्त नगरपालिकाले पुष्टि गरेको छ । डेंगु संक्रमितको संख्या बढ्दो क्रममा रहेको पाइएको इनरुवा अस्पताल आकस्मिक कक्षले जनाएको छ ।

नमूना परीक्षणका क्रममा २० जनाभन्दा बढीमा डेंगुको संक्रमण फेला परिसकेको आकस्मिक कक्षमा कार्यरत् वरिष्ठ अहेब गुणानन्द झाले बताए । ज्वरो आएर उपचारका लागि अस्पताल आउने बिरामीको संख्यामा वृद्धि भएको भएकाले उक्त रोगको संक्रमितको संख्या बढ्नसक्ने स्वास्थ्यकर्मीको अनुमान छ । नगर क्षेत्रभित्र एकसाथ डेंगुका बिरामी फेला परेपछि नगरपालिकाको आपत्कालीन बैठकले शिक्षा शाखा प्रमुख डिल्ली निरौलाको संयोजकत्वमा डेंगु नियन्त्रण तथा प्रचार-प्रसार समिति समेत गठन गरेको छ ।

संयोजक निरौलाका अनुसार इनरुवा-४ मा सात, वडा नं. ५ मा चार र वडा नं. ३ मा एक जनामा उक्त संक्रमण देखिएको हो । जिवाणुका कारण संक्रमण फैलने भएकाले बैठकको निर्णय अनुसार नियन्त्रणका उपाय अवलम्बन गर्नाका साथै जनचेतना फैलाउन समितिले तत्कालै काम थालिने उनले जानकारी दिए ।

इनरुवा अस्पतालमा स्वास्थ्यकर्मी चौबिसै घण्टा रहने गरी 'हेल्प डेस्क' राख्ने तयारी समेत थालिएको नगरपालिकाले जनाएको छ । नगरपालिकाले वडामा विषादी छिट्ने काम समेत शुरु गरिसकेको छ ।

वडा तहसम्म जनचेतना फैलाउनका लागि अभियान थालिसकिएको नगरप्रमुख राजन मेहताले बताए । विद्यार्थी, शिक्षक हुँदै अभिभावकसहित स्थानीय संघ-संस्थालाई डेंगु नियन्त्रण र सचेतना अभियानमा सक्रिय सहभागिताका लागि आह्वान समेत गरिएको उनले बताए ।

# उफ ! बरफ नै पग्लिने क्या गर्मी



पृथ्वीको तापक्रम बढेसँगै विश्वका चिसा भनिएका धेरै देशहरुमा गर्मी ह्वात्तै बढेको छ । योसँगै युरोपका पाँच ठाउँमा यस वर्ष इतिहास कै बढी गर्मी भएको हो । जसले गर्दा ग्रीनल्याण्डमा बर्षैदेखि जमेर बसेको सित्ताम्मे देखिने हिँऊ पग्लेर पानीमा परिणत भएको छ ।

विश्वमा अत्यधिक मात्रामा हिउँ हुने ठाउँ हो, ग्रीनल्याण्ड । यो एट्लान्टिक र आर्कटिक महाद्वीपको मध्य भागमा पर्दछ । जहाँ ८२ प्रतिशतको भू-भागमा बरफ जम्छ । ग्रीनल्याण्डको क्षेत्रमा जमेको हिँउ दिनप्रतिदिन पग्लिने क्रममा छ । यस वर्षको ग्रीनल्यान्ड क्षेत्रमा ५६.५ प्रतिशत तापक्रम मापन गरिएको डेनिस मेटेरोलोजिकल सेन्टरका मौसमविद् रुथ मोटरामले बताइन् । उनका अनुसार सबैभन्दा ठन्डा भनेर मानिएको स्थानको हिउँ पग्लनेक्रम जारी छ । यो जुलाईमा मात्र १० विलियनभन्दा बढी टोनमा ग्रीनल्याण्ड क्षेत्रको बरफ पग्लिरहेको उनले बताइन् ।

मोत्तरमका अनुसार यहीं जुन १ देखि तीव्रगतिमा हिउँ पग्लन शुरु भएको हो । ग्रीनल्याण्डले यस वर्ष २४० विलियन म्याट्रिक टन हिउँ पग्लिएको उनले बताइन् । यसरी हिउँ पग्लने अवस्था अगष्टको अन्त्यसम्म रहिरहने पनि उनले भनिन् ।

जुन २०१९ मा अमेरिका र डेनमार्कमा वैज्ञानिकहरुले गरेको अध्ययन अनुसार, सन् २१०० मा ग्रीनल्याण्डको हिउँ पग्लेर ५ देखि ३३ सेन्टिमिटरसम्म समुद्रको सतह बढ्ने देखाएको छ । हिउँ पग्लिनेक्रम बढ्दै जानाले विश्वका विभिन्न ठन्डा तथा चिसो देशहरुमा तापक्रम अत्यधिक बढेको हो । रसियाको जंगलमा लागेको भयानक डढेलोले वातावरणमा ठूलो नकारात्मक असर परेको थियो । सो डढेलोले ३० हजार स्क्वायर किलोमिटरसम्मको हावामा असर गरेको थियो ।

डढेलोबाट निस्केको धुँवाले साइबेरिया, रसियाको पूर्वीय तट र बेल्जियमसम्मको क्षेत्रमा ठूलो असर गरेको थियो । सो धुँवाले आर्कटिक आसपासका क्षेत्रका हावामा समेत तापक्रम बढाएको थियो । स्याटेलाइटबाट खिचिएको फोटोमा रसिया तथा त्यस नजिकका देशहरुमा असर पारेको डरलाग्दो दृश्य देखिएको थियो । सो डढेलोले आर्कटिक क्षेत्रसँगै ग्रीनल्याण्डमा पनि तापक्रम वृद्धि गर्न मद्दत पुगेको मोत्तरमले बताइन् ।

मानवले गरेको औद्योगिक विकाससँगै बढेको तापक्रमले विश्वको तापमान यो वर्ष उच्च रहेता पनि आउँदो साताको अन्त्यतिर तापमान घट्दै जाने मोत्तरमको भनाई छ ।

# नमूना वनमा चरीचरन गर्न रोक



**अर्जुनधारा, साउन १९।** झापाको अर्जुनधारा-९ स्थित नमूना सामुदायिक वन उपभोक्ता समूहले प्रमुख समस्याकोरुपमा रहेको चरीचरनसहित २० वटा कार्य गर्न रोक लगाएको छ ।

समूहका अध्यक्ष भानु श्रेष्ठको अध्यक्षतामा आइतबार सम्पन्न बैठकले उक्त विषयमा निर्णय गर्दै रोक लगाएको हो ।

चरीचरनसँगै वन क्षेत्रको जग्गा अतिक्रमण, वन क्षेत्रको ढुंगा, माटो, गिटी तथा बालुवा झिक्न, अवैध चोरीशिकार, फोहोर फ्याँक्न, रोपिएको विरुवा उखेल्न, फलफूल र जडीबुटीको बिरुवामा क्षती पुऱ्याउने लगायतका कार्य कसैले गरेको भेटीए समूहको विधान र कार्ययोजनामा उल्लेख भएको जरीवाना गरीने अध्यक्ष श्रेष्ठले बताए ।

पहिलो पटक, दोस्रो पटक र तेस्रो पटक गरी तीन चरणमा वर्गीकरण गरिएको जरीवाना नगददेखि थप कारवाहीको लागि सम्बन्धित निकायमा सार्वजनिक मुद्दाका लागि पठाइनेसम्म रहेको छ ।

# २५ जनाले गरे रक्तदान




**बिर्तामोड, साउन १९।** बिर्तामोडमा रगत अभाव भइरहेको बेला इनरवील क्लव बिर्तामोड मिडटाउनले रक्तदान कार्यक्रम सम्पन्न गरेको छ ।

जीवन रक्षा पोलिक्लिनिक प्राविधिक सेन्टरको संयोजन र नेपाल रेडक्रस सोसाइटी उपशाखा बिर्तामोडको प्राविधिक सहयोगमा उक्त कार्यक्रम सम्पन्न भएको हो ।

इनरविल क्लव बिर्तामोड मिडटाउनकी अध्यक्ष भूमिका पोखरेलको अध्यक्षतामा भएको कार्यक्रममा दीपेन्द्र पोखरेल, बिर्तामोड रेडक्रसका सभापति सजेश शिवाकोटी, जगत शर्मा, जीपी पाण्डे, चेम्वर अफ कमर्श झापाका अध्यक्ष सन्तोष अग्रवाल, पोलिक्लिनिकका डाइरेक्टर आयुष थापा लगायतको आतिथ्य रहेको थियो ।

कार्यक्रममा रोट्र्याक क्लव अफ बिर्तामोड मिडटाउन, कञ्चनजंघा हेल्थ नर्सिङ कलेज लगायतले सहयोग गरेका थिए । उक्त रक्तदान कार्यक्रममा २५ जनाले रक्तदान गरेको बताइएको छ ।

रक्तदान कार्यक्रमकी संयोजक लुना बस्नेत (शिवाकोटी)ले स्वागत गरेको कार्यक्रमको सञ्चालन सचिव जमुना भुषालले गरेकी थिइन् ।


बाइक राइडर र प्याकिङ्ग हेल्परमा २१ दिनमा दुबई पुग्ने सुवर्ण अवसर

कम्पनी : BAKEMART L. L. C. शहर : DUBAI

पूर्व स्वीकृति मितिः २०७६/०३/१८ चलानी नं. ६०१४१४३९ लट नं. २२१७७९

| पद | संख्या | तलब (AED) | तलब (NR) | खान/बस्न | ओटी | काम | करार |
|---|---|---|---|---|---|---|---|
| Sales Assisstant | १५ (महिला) | १५००/- | ४४,६७०/- | छ/छ | कनिअ | ८ घण्टा २६ दिन | २ बर्ष |
| Waiter/Waitress | १५(महिला/पुरुष) | १५००/- | ४४,६७०/- | | | | |
| Bakery Worker | १५ (पुरुष) | ८००/- | २३,८२५/- | | | | |
| Bike Rider | ५० (पुरुष) | १२००/- | ३५,७३५/- | | | | |
| Packing Helper | ८० (पुरुष) | ८००/- | २३,८२५/- | | | | |

सगुन ओभरसिज सर्भिसेज प्रा.लि.(

श्रम इजाजत नं. ३९६/०६०/०६१ पो.ब.नं. ३२३, डिल्लीबजार, कालिस्थान-३२ (फोनः ९८०८०७४५९८, ९८०३०७४४३९)

Dubai मा श्रीमान/श्रीमतीलाई एउटै कम्पनीमा रोजगारको अवशर

कम्पनीः Lahej & Sultan Cleaning Services & General Maintenance Company, Dubai

पूर्व स्वीकृती मितिः २०७५/०९/०९ चलानी नं. ६०१३५९२१ LT.No. २१५९२७

| सि. नं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | न्यूनतम योग्यता | मासिक तलब (AED) | मासिक तलब (ने.रु.) | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Male Cleaner | १०३ | - | सम्बन्धित काममा दक्ष | 800 | २४,५००/- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Female Cleaner | - | ४६ | | 800 | २४,५००/- | | | | | | | |

नोटः
१) महिला तथा पुरुष क्लिनरको उमेरको हकमा १८ देखी ४३ वर्षसम्म हुनुपर्नेछ ।
२) अन्तरवार्ता दिन आउदा सक्कल राहदानीको साथ फरमल ड्रेसमा आउनुपर्नेछ ।

फाईनल अन्तरवार्ता कम्पनीको प्रतिनिधीबाट यही साउन २५ गते यसै कार्यालयमा हुनेछ ।

शिवाकोटी मेनपावर सर्भिस प्रा ली

सामाखुशी, काठमाडौं फोन नं.०१४३८५६३३

(श्रम इजाजत नं. ८०६/०६५/६६) शाखा कार्यालय बिर्तामोड, शनिश्चरे रोड, आइएमई बैंकमित्रपट्टिको तेस्रो घर

फोन नं. ०२३-५४१०६०/ ५४५३८८/ ५४०९१७मो. ९८०१४०८२८३/९८०१०३३९७५/९८०२०७०५१०
९८०१०३३९७७/९८०१०२३८१३/९८०१०३३९७०



सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

बिर्तामोड, झापा

सम्पर्क राजकुमार श्रेष्ठ

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्याकीबाट सफाई गरिन्छ ।

रेडिमेड झ्याल, ढोका र स्टील रेलिङ्ग पाउने ठाउँ

बाथरुमका ग्यारेन्टेड ढोका, भित्री 25 mm, 32mmका पेन्टेड, डिजिटल ढोकाहरु, खिया नलाग्ने भित्रि सिंढी र बरन्डाको स्टील रेलिङ, आल्मुनियमका झ्याल, Office Partision, फल्स सिलिङ्ग बनाउनु परेमा सँधै सम्पर्क गर्नुहोला ।

गणपति स्टील एण्ड आल्मुनियम हाउस

सुरुङ्गा, बिर्तामोड (भगवान चौक) र गरामनी

मो. ९८१६००६३७३, ९८१४०५२६०१

# अभिनयमा अब्बल ज्येष्ठ महिला



तस्वीरः कमल पाण्डे 'बिनोद'/ पूर्वाञ्चल

**नाटक रुवामा अभियन गर्दै महिला कलाकारहरु ।**

इच्छा, आकांक्षा र मन छ भने कुनै पनि काम गर्न उमेरले छेक्दैन भन्ने उखानलाई चरितार्थ गरेका छन् झापा बिर्तामोडका सात जना महिलाले ।

झापाको बिर्तामोड- २ चारपानेस्थित पर्शुराम पार्टी प्यालेसमा गत साउन १५ गतेबाट मञ्चन भइरहेको नाटक रुवामा अभिनय गरेर उनीहरुले तन्नेरी उमेरकालाई समेत चुनौति दिएका छन् । नाटक रुवामा अभिनय गर्ने ७२ वर्षीया माया सिटौला, ६२ वर्षीया शान्तादेबी पौडेल, ५१ वर्षीया मेनुका घिमिरे, ५५ वर्षीया मुना उप्रेती, ४६ वर्षीया कमला संग्रौला, ५५ वर्षीया गोमा बिमली र ३२ वर्षीया मनिसा सिटौलाको अभिनय तन्नेरीले गरेको अभिनयभन्दा पनि कम छैन ।

नाटक रुवामा उनीहरुले गरेको अभिनय हेर्दा उनीहरु कुनै नौला कलाकार जस्ता लाग्दैनन् । सबैले शसक्त र जीवन्त अभिनय गरिरहेको नाटकका निर्देशक प्रकाश दाहालले बताए । कहिल्यै रंगमञ्चमा अभिनय नगरेका महिलाहरुलाई आर्ट स्टुडियोले बिर्तामोड- २ चारपानेमा आयोजना गरेको एक महिने नाट्य कार्यशालामा सहभागि गराएर उनीहरुको जीवन भोगाइ र अनुभवबारे छलफल गरी नाटक रुवा तयार पारेको नाटकका निर्देशक दाहालले बताए । कहिल्यै रंगमञ्चमा अभिनय नगरेका महिलाहरुलाई एक महिने नाट्य कार्यशाला पश्चात तीन महिनाको रिहलसल गराएर अभिनयका लागि मञ्चमा उतारेको उनले बताए ।

नाटकमा उनीहरुले इतिहास, संस्कृति, राजनीतिक घटनाक्रम, वैदेशिक रोजगारीले दिएको पीडा, राजनीतिक परिवर्तनले निम्त्याएको समस्या, सामाजिक बिक्षिप्तता, महिला हिंसा, बाल मनोविज्ञान, सडक दुर्घटना जस्ता बिषयवस्तुमा शसक्त र जीवन्त अभिनय गरिरहेका छन् । नाटकमा कलाकारहरुले अभिनयका माध्यमबाट सामाजिक चरित्रलाई उजागर गरेका छन् । नाटकको विषय हेर्दा सामान्य लागेपनि नाटक हेरिरहँदा दर्शकहरुलाई यो नाटक मात्र नभएर वास्तविक घटना हो कि भन्ने आभाष हुन्छ ।

नाटक नवरसले भरिएको छ । नाटक हेरिरहँदा दर्शकहरु पेट मिचिमिचि हाँस्छन् भने उनीहरु रुन्छन् पनि । नाटकमा प्रयोग भएको सेट, बिम्ब र प्रकाशले समेत दर्शकलाई सन्तुष्टि दिएको छ । चे शंकरको लेखन तथा प्रकाश दाहालको निर्देशन र सलिल सुवेदीको संगीत र प्रोडक्सन म्यानेजर शेखरप्रसाद सेढाई रहेको नाटक रुवा आगामी साउन २१ गतेसम्म मञ्चन भइरहेको छ ।

# पाउलोनिया प्रति किसानको आकर्षण

**झापा, साउन १९।** झापा लगायत पूर्वी नेपालका विभिन्न जिल्लामा बहुउपयोगी रुख प्रजातिमा पर्ने पाउलोनियाको खेती तर्फ किसानको आकर्षण बढ्न थालेको छ ।

छिटो बढ्ने पाउलोनियाको काठ, घाँस, फूल समेत उपयोगी हुने र अन्य रुखले भन्दा चाँडो र धेरै आम्दानी हुने भएपछि किसानहरुले यसको खेती गर्न थालेका हुन् । चीन र जापानमा धेरै खेती हुने बहुउपयोगी पाउलोनियाको खेतीतर्फ किसानको आकर्षण बढ्न थालेपछि झापामा यसको व्यावसायिकरुपमा बिरुवा उत्पादन समेत शुरु गरिएको छ ।



निरोगी बिरुवा बनाउन टिष्यू कल्चर प्रविधिबाट पाउलोनियको बिरुवा उत्पादन गर्न थालिएको गौरादह नगरपालिकामा रहेको फाइकस बायोटेकका सञ्चालक तथा जैविक प्राविधिक दुर्लभ कार्कीले बताए ।

गत बर्षदेखि किसानले यसको माग गर्न थालेपछि यो बर्ष ६० हजार बिरुवा उत्पादन गरी बिक्री समेत गर्न थालिएको छ । प्रति गोटा एक सय रुपैयाँका दरले अहिलेसम्म ३० हजार बिरुवा बिक्री भइसकेको बायोटेकका सञ्चालक कार्कीले बताए । बिरुवा पूर्वी नेपालको इलाम, पाँचथर, झापा, मोरङ्ग, धनकुटासहित अन्य जिल्लामा समेत लगिएको उनले बताए ।

झापामा पहिलो परीक्षणको रुपमा गौरीगञ्जको ३२ बिगाह क्षेत्रमा निर्माण गरिएको ग्रीन फरेष्ट छहारी बनमा पाउलोनियाको आठ सय बिरुवासहित अन्य उन्नत प्रजातिका रुखहरु रोपिएको छ । यसलाई अध्ययन केन्द्र र पर्यटकीय क्षेत्रको रुपमा समेत विकास गर्न सकिने गाउँपालिकाका अध्यक्ष बाबुराजा श्रेष्ठले बताए ।

जापानमा किरी भनेर चिनिने पाउलोनिया नेपालमा दुई दशकअघि पहिलो पटक गोदावरीमा रहेको इसुमोडको बागवानी प्रदर्शनीमा रोपिएको थियो । हलुका, बलियो र आगो सहन क्षमता धेरै भएकोले फर्निचरदेखि जहाजसम्म उपयोगी काठको रुपमा पाउलोनिया प्रयोग हुने गर्छ । बहुगुणी र उपयोगी भएकाले पाउलोनियाको खेती पूर्वी नेपालमा समेत विस्तार हुन थालेको छ ।

# होटलबाट मोटरसाइकल चोरी

**पाँचथर, साउन १९।** इलाम र पाँचथरको सिमानामा रहेको घुर्बिसे पञ्चमी बजारको एक होटलबाट शनिबार मोटरसाइकल चोरी भएको छ ।

स्थानीय अभ्यास होटलका सञ्चालक विनोद आङ्देम्बेको मे ९ प ८७४८ नम्बरको २२० सीसीको निलो रङ्गको पल्सर बाइक १८ गते बिहान ९ बजे चोरी भएको प्रहरीले जनाएको छ । होटलमा बसेर चियानास्ता गरी त्यही एकरात बास बसेका कुम्मायक गाउँपालिका माङ्जाबुङ घर भई शेर्मा थर बताउने अन्दाजी ३२ बर्षको मानिसले झुक्याएर मोटरसाइकल चोरी गरेको फाक्तेप प्रहरी चौकीका इञ्चार्ज प्रहरी सहायक निरीक्षक पेलेङ्ग सिंह धिमालले जानकारी दिए ।

चोरी गर्ने व्यक्तिले 'मेरो यस्तै बाइक छ, यो बेच्नु हुन्छ भने मेरो भाइको लागि किनि दिनुछ भन्दै कण्डिसन चेक गर्छु' भनेर चाबी मागेर फरार भएको होटल सञ्चालक पीडित आङ्देम्बेको दाबी छ ।

त्यस्तै प्रकार घटनाहरु केही दिनअघि फिदिम नगरपालिकाका होटल व्यावसायी, गाडी ड्राइभर, व्यापारी तथा सर्वसाधारणलाई ठगी गर्नेहरुको बिगबिगी भएको खबर सुने लगत्तै यस क्षेत्रमा पनि गतिविधि शुरु भएकोले सचेत हुन प्रहरीले जानकारी गराएको छ । पीडितको उजुरी अनुसार चोरी गर्ने व्यक्तिको तीव्र खोजी भइरहेको साथै सम्बन्धी सबै निकायमा हुलिया गरिसकेको इञ्चार्ज धिमालले बताएका छन् ।

# साम्राज्ञी सबैभन्दा महँगी अभिनेत्री



केही समययता भारतीय भिडियाले नेपाली सेलिब्रेटीको बारेमा निकै चासो दिन थालेको छ । गएको तीन दिन अगाडि भारतको सबैभन्दा विश्वसिलो अनलाइन पोर्टल 'आज तक'ले अभिनेता राजेश हमाललाई भारतीय अभिनेता अमिताभ बच्चनसँग तुलना गरेर समाचार प्रकाशन गरेको थियो । उनको फिल्म र वैवाहिक जीवनबारे पनि चर्चा गरिएको थियो । यसले नेपाली सञ्चारमाध्यममा पनि राम्रै स्थान पायो ।

शुक्रबार फेरि 'आज तक'ले नेपाली फिल्मकी सबैभन्दा डिमान्डेड अभिनेत्री साम्राज्ञी आरएल शाहको विषयमा समाचार प्रकाशन गरेको छ । जसमा उनलाई नेपाली फिल्मकी सबैभन्दा महँगी अभिनेत्रीको रूपमा चिनाइएको छ । 'ड्रीम्स'बाट डेब्यू गरेकी शाह आज नेपाली फिल्मकी हाइएस्ट पेड एक्ट्रेस बनेकी छिन् । मात्र तीन वर्षमा उनको स्टारडमले निकै ठूलो रूप लिइसकेको छ । 'आज तक' का लागि प्रिया शान्डिल्यले लेखेकी छिन् ।

फिल्ममा करिअर बनाएकी उनी वास्तविक जिन्दगीमा भने राजघरानाको सदस्य रहेको समाचारमा भनिएको छ । साम्राज्ञीको वंशजका त्रिभुवन वीरबिक्रम शाहलाई नेपालबाट राणा राज्य हटाउने श्रेय दिने गरेको र उनको बंशजका ज्ञानेन्द्र शाह नेपालको राजा भएको पनि जानकारी दिइएको छ । साम्राज्ञीले एक फिल्मका लागि १६ लाख पारिश्रमिक बुझ्ने गरेको पनि खुलाइएको छ । फिल्म 'रातो टिका निधारमा' का लागि उनले १६ लाख बुझेकी थिइन् ।

'शाहले आफ्नो पढाईको क्रममा केही समय भारतमा बिताएकी थिइन् । नेपाल इन्स्टिट्यूट अफ म्यानेजमेन्ट एण्ड साइन्सबाट उनले ब्याचलर्स इन सोशियोलोजी गरेकी छिन् -समाचारमा उल्लेख छ । तर, 'आज तक'ले डेब्यू फिल्म 'ड्रिम्स' हिट भए पनि उनको अभिनयको खासै प्रशंसा नभएको भनेर लेखेको छ, जुन सत्य होइन । डेब्यू फिल्ममा उनको अभिनयको सर्वत्र प्रशंसा भएको थियो ।

# यी १० काम गरे तपाई कहिल्यै दुःखी हुनुपर्दैन



मानिसहरू खुशी हुनका लागि आफूसँग प्रशस्त पैसा भए हुन्छ भन्ने ठान्दछन् । तर, खुशी हुनका लागि पैसा मात्र भएर हुँदैन । यदि तपाईसँग रिस, घमण्ड, इर्ष्या छ भने तपाई कहिल्यै पनि खुशी बन्न सक्नुहुँदैन । खुशी रहँदा मान्छेको आयु पनि बढ्दछ । त्यसैले हाम्रो जीवनमा सास फेर्न जति महत्वपूर्ण छ त्यति नै खुशी रहन पनि महत्वपूर्ण छ । खुशी हुँदा हामी स्वस्थ जीवनशैली पाउने गर्दछौं । खुशी हुनका लागि तपाईंले यस्ता कुराहरूलाई त्याग्नु एकदमै आवश्यक हुन्छ । आउनुहोस् खुशी हुनका लागि अपनाउनुपर्ने र त्याग्नु पर्ने १० टिप्सहरूको बारेमा चर्चा गरौं ।

**घृणा कम गर्नुहोस् र माया बढी गर्नुहोस्**

यदि तपाई जीवनमा खुशी बन्न चाहनुहुन्छ भने तपाइले घृणा गर्ने बानीलाई त्यागेर सबैलाई माया गर्ने बानीको विकास गर्नुपर्दछ । किनकि तपाईले अरूलाई घृणा गर्नुभयो भने तपाईलाई पनि घृणा नै गर्नेछन् र माया गर्नुभयो भने तपाईले पनि माया नै पाउनुहुनेछ । अरूको माया पाउनु नै खुशीको कुरा हो र यही मायाले तपाईलाई जीवनभरि खुशी राख्न मद्दत गर्दछ । अरूलाई माया गर्दा आफूले पनि माया पाउने उद्देश्यले नै तपाईलाई जीवनमा खुशी हुनका लागि उत्प्रेरणा प्रदान गर्दछ । तपाईले आफ्नो जीवनमा एउटा सिद्धान्त सधै लिएर हिँड्ने गर्नुपर्दछ, माया दियौ र माया पाउ । यो सिद्धान्तले तपाईको जीवनको हरेक मोडमा खुशी मात्र आउनेछ ।

**चिन्ता कम लिनुहोस् र नित्य बढी गर्नुहोस्**

मानिसहरू बढी चिन्ता लिएर आफ्ना खुशीहरूलाई त्यागिरहेका हुन्छन् । तर, यदि तपाई खुशी हुन चाहनुहुन्छ भने एकान्त कोठामा बसेर नित्य गर्ने गर्नुहोस्, यसो गर्नाले तपाईको मन हल्का हुनेछ र चिन्ता प्रति तपाईको ध्यान पनि हट्दै जानेछ । एउटा भनाइ नै छ नि, चिन्तै चिन्ताले मानिसलाई चिताको बाटो डोऱ्याउँछ । हरेक कुरालाई सकारात्मक तरिकाले सोच्ने गर्दा पनि निकै आनन्द मिल्ने गर्दछ । नित्यले मानिसको हरेक अङ्गमा संगीतको सुर भर्दिने गर्दछ । त्यसैले दिनको १-२ घण्टा नित्य गर्ने गर्नुहोस् जसले गर्दा तपाईलाई खुशी मिल्नेछ । सानोतिनो कुरालाई ठूलो बनाएर सोच्न छोड्दिनुहोस् र हरेक कुरालाई सानो बनाएर हेर्ने गर्नुहोस् र तपाई त्यो काम सजिलै गर्न सक्षम बन्नुहुनेछ । यसले गर्दा पनि तपाईलाई खुशी मिल्नेछ ।

**कम लिनुहोस् र बढी दिनुहोस्**

यदि तपाईमा आरिस गर्ने बानी छ भने त्यसलाई तुरून्त हटाउनुहोस् । किनकि आरिस गर्ने बानीले तपाईलाई कहिल्यै पनि खुशी हुन दिँदैन । बरू तपाई भएका कुराहरू अरूसँग पनि बाड्ने गर्नुहोस् यसले तपाईलाई खुशी हुन मद्दत गर्दछ । सोच्नुहोस् त आफूले जानेको कुरा अरूलाई सिकाउँदा कति आनन्द मिल्ने गर्छ । आफूभित्र लिने बानीलाई हटाएर बढी दिने बानीको विकास गर्नुहोस् र हेर्नुहोस्, तपाईसामु खुशी कसरी आउनेछन् । धेरैजसो मानिसहरू घरमा बढी पाहुना आए भने पनि यसरी आत्तिने गर्छन् कि मानौ उनीहरूको सर्वस्व सकिने छ । तर, घरमा आएका पाहुनालाई खुशी बनाएर पठाउनुभयो भने तपाईलाई पनि कुनै न कुनै कुरामा उनीहरूले खुशी पक्कै पार्नेछन् ।

**उपभोग कम र सिर्जना बढी गर्नुहोस्**

तपाईको जीवनमा अरूले बनाएका अथवा आविष्कार गरेका कुराहरू त थुप्रै सुन्नु भएको होला । यो सुन्दा सायद तपाईलाई निकै खुशी पनि लाग्छ होला तर, एकपटक सोच्नुहोस् त यदि तपाई आफैले कुनै कुराको सिर्जना गर्नुभयो भने त्यसबेला झन् तपाइलाई कति खुशी मिल्छ होला । सानै कुरा भए पनि सिर्जना गर्ने बानीको विकास गर्नुहोस् । यदि तपाई सिर्जनशिलता बन्नुहुन्छ भने तपाईमा त्यसैमा रमाउन थाल्नुहुनेछ । उपभोगभन्दा बढी आफै सिर्जना गर्ने गर्नुहोस् ।

**निराश कम हुनुहोस् र बढी मुस्कुराउनुहोस्**

यदि तपाई निराश भएर बस्नुभएको छ भने करैले भए पनि मुस्कुराउने गर्नुहोस् यसले तपाईको निराशापनलाइ थारै भए पनि कम गर्न मद्दत गर्दछ । केही देशहरूमा त मानिसहरू भेला भएर हाँस्ने पनि गर्दछन् । यो एक स्वस्थ तथा तन्दुरूस्त रहने योगा पनि हो । यस्तो योगा गर्नाले तपाइको अनुहारमा जतिबेला पनि मुस्कान रहिरहने छ । मुस्कुराउँदा तपाईले आफूलाई मनपरेको मान्छेलाई आफूतिर आकर्षित पनि पार्न सक्नुहुनेछ । निराश भएर आफ्नो समय व्यर्थैमा खेर फाल्नुभन्दा त्यो समयलाई सही कुरामा सदुपयोग गर्नु भयो भने तपाइको जीवन खुशीले भरिने छ ।

**थोरै बोल्नुहोस् र धेरै सुन्नुहोस्**

कोही-कोही मान्छेहरूको धेरै बोल्ने बानी हुन्छ जसले गर्दा उनीहरूलाई आफूले के बोले भन्ने समेत थाहा हुँदैन र पछुताउनुपर्छ । त्यही भएर जहिल्यै पनि बोल्दा आफू के बोल्दैछु भन्ने कुरामा सतर्क रहनुपर्छ । एउटा भनाइ नै छ नि, बोल्न पाए भन्दैमा प्याच्च नबोल्नु र बस्न पाए भन्दैमा थ्याच्च नबस्नु । बरू धेरै सुन्ने गर्ने बानीको विकास गर्नुहोस् । यसले गर्दा तपाई कहिल्यै पनि दुःखी बन्नु पर्दैन ।

**थोरै डराउनुहोस् र धेरै कोशिस गर्नुहोस्**

हरेक दिन केही नयाँ गर्ने सोच्नुहोस् । यदि तपाई नयाँ गर्न चाहनुहुन्छ भने केही बाधा, अड्चन त अवश्य पनि आउँछन् । तर, ती बाधाहरूको नडराई सामना गर्न सकियो भने मात्र तपाई अघि बढ्न सक्नुहुनेछ । सोच्नुहोस् त जब तपाई यस्ता कुराहरूको सामना गर्दै अघि बढ्न थाल्नुहुन्छ तब तपाईलाई कति धेरै खुशी मिल्छ होला । त्यसैले जेसुकै गर्दा पनि डराउनुभन्दा बढी कोशिस बढी गर्ने गर्नुहोस् । डर हाम्रो जीवनको सबैभन्दा कमजोर हतियार हो भने साहस सबैभन्दा बलियो हतियार हो ।

**थोरै नियाल्नुहोस् र धेरै स्वीकार्नुहोस्**

धेरैजसो मानिसहरू कस्ता हुन्छन् भने कुनै पनि कुरालाई गर्नुभन्दा पनि बढी त्यो कामलाई नियाल्ने गर्दछन् । तपाईले आफ्नो मनमा सधै एउटा कुरा चाहिँ राख्न जरूरी छ, कि तपाईभित्र जस्तोसुकै समस्याको समाधान गर्न सक्ने क्षमता छ । यसो गर्दा तपाईको इच्छाशक्ति बढ्नुका साथै तपाइभित्र रहेको मनोबलको पनि विकास हुन्छ । हरेक कुरालाई स्वीकार्ने बानीको विकास गर्दा तपाईले भविष्यमा आउने जस्तोसुकै समस्याको सजिलै निराकरण गर्न सक्नुहुनेछ ।

**थोरै हेर्नुहोस् र बढी गर्नुहोस्**

यदि तपाई खुशी बन्न चाहनुहुन्छ भने कुनै पनि कुरालाई कम नियाल्ने गर्नुहोस् र त्यो कुरालाई बढी गर्ने गर्नुहोस् । यदि कुनै कामलाई कसरी गर्ने भनेर गर्नुभन्दा बढी हेरेर मात्र बस्न थाल्नु भयो तपाईमा झनै निराशा बढ्नेछ र तपाईको आत्मविश्वास पनि घट्ने छ । यसले तपाईलाई कदापि खुशी हुन दिँदैन र सधै दुःखी मात्र बन्नुहुनेछ । त्यसैले सधैँ कुनै पनि कामलाई हेर्नुभन्दा बढी त्यो कामलाई गर्ने गर्नुहोस् । जो मान्छे धेरै मेहनत गर्ने गर्छ त्यो मान्छे कहिल्यै पनि असफल भने हुँदैन ।

**गुनासो कम र कदर बढी गर्नुहोस्**

खुशी बन्नका लागि तपाईले गुनासो गर्ने बानीलाई त्याग्नु पर्दछ । यदि तपाई हरेक सानोतिनो कुरामा पनि गुनासो गर्न थाल्नुभयो भने तपाईको खुशी पनि हराउँदै जान्छ । अरूको कामलाई कदर गर्ने गर्नुहोस् । अरूको कामलाई कदर गर्दा आफैलाई पनि खुशी लाग्दछ । एक सच्चा मानिसको व्यक्तित्व यसबाट पनि चिनिन्छ कि उसले अरूलाई र अरूको कामलाई कतिको कदर गर्ने गरेको छ । अरूको कदर गर्ने मान्छेलाई साथ दिनेहरूको पनि कहिल्यै कमी हुँदैन । *ज्ञानविज्ञान*


## तपाईंहरूको आफ्नै पत्रिका

मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

## पूर्वाञ्चल दैनिक

**प्रेस काउन्सिल नेपालद्वारा 'क' श्रेणीमा वर्गीकृत विर्तामोडबाट विगत २०५२ सालदेखि निरन्तर प्रकाशन हुँदै आएको यस दैनिकमा राहदानी हराएको सूचना, जन्मदिनको शुभकामना, श्रद्धाञ्जली/समवेदना, सरकारी सूचना लगायत विज्ञापनहरु प्रकाशन गर्न तथा ग्राहक बन्न एवम् कुनै गुनासो या सल्लाह,सुझाव भए सदैव हामीलाई सम्झनुहोला ।**

**केन्द्रीय कार्यालय बिर्तामोड-१, अतिथिसदन छेउ (समाचार शाखाः ०२३-५४१००२/ विज्ञापन तथा प्रशासन : ०२३-५४००४४) व्यवस्थापकः ९८४४६४२०९५/कार्यकारी व्यवस्थापक : (९८४२६३४७४०/९८१६९८१०१७), शनिश्चरे-अर्जुनधारा, खुदुनाबारी (अमित खम्बू : ९८४४६६५७८४/ ९८०६०९५८४४), पर्वेज आलम (९८१७०३५४४२/९८६२६४२६५०), मेघबहादुर राई ९८१५९९००३३, काँकरभिट्टा/बाहुनडाँगी/पानीटंकीः राजकुमार शर्मा (९८६३७०५८५५/९८०७९१३०२३), धुलाबारीः सुमन बस्नेत ९८१५०६३६३८/९८४४६११४६७, लक्ष्मीपुर/दुर्गापुरः पूर्णबहादुर कटुवाल (९८५२६७९६२२), चारपाने : बिनोद पाण्डे ( ९८५२६५५२९१), घैलाडुब्बा-डाँगीबारी : तुलसीप्रसाद निरौला (९८१६०४१६४६), सुरुङ्गाः तीर्थराज खरेल (९८४२६७१५८४), ऋषि लामिछाने (९८०६०२५०२४), माईधार : विश्वदीप पुस्तक पसल (०२३-४१००३१, ९८१७९२१६८०), दुधे : शान्तिराम बस्नेत (९८४२६५७२८३, ९८१७०६८९३७), झिलझिले/पाँचगाछी : नारायण शिवाकोटी (९८१७०००२५४), धरमपुर : हरि ढकाल (९८४२६२२८९६), केरखा : उमानाथ भण्डारी (९८५२६७०६३१), दमकः डीवी बस्नेत (९८१६०८८९५९), माधव ढकाल (९८५२६७५६२२), उर्लाबारीः आशिष भुजेल ९८२९३२३५४७, पाडाजुगी/मंगलबारे/गेउरीया : गोकुल दाहाल (९८२५७५३४६१), गौरादहः विवेक घिमिरे (डण्डी) (९८५२६७६३०८), केरखाः उमानाथ भण्डारी (९८५२६७०६३१), खोटाङः दिलीप खत्री ( ९७४३००१४७७) उदयपुरः गणेश उप्रेती (९८४२८३७९१३),भद्रपुर-चन्द्रगढी-पृथ्वीनगरः पार्थ मण्डल (९८४२६२६३०९), बुधबारे : रामचन्द्र भट्टराई (९८४४६०९३७७), टंक विकल्प (९८४२६५५८०७), होक्से : नारायण अर्याल (९८०६०६२४०३/९८४२६९७३१०), दानावारी इलाम : सुष्मा राई (९८१४०२६२०२), इलाम/ भालुझोडा, कुटिडाँडा, कोल्बुङ : गणेश अर्याल ( ९८५२६८०३४४/९७५२६०५३४४), हर्कटे, कन्यामः खगेन्द्र शिवाकोटी (९८४२६२४३१९) इलाम/छिपिटार, फिक्कल : मनकामना पुस्तक पसल - यादव घिमिरे (मो. ९८०७९६७९९९), इलाम : जौबारी, गोदक : रोम अधिकारी (९८४२७२२७६२), इलाम/गोदक धर्ममणि गौतम - ९८४२७४४७५६, इलाम नगरपालिकाः विष्णु भट्टाराई/सञ्जिवनी आयुर्वेद औषधि पसल (०२७-५२१४९०/९८६२६३७७६२), पुवाखोला नुतन दुलाल ९८१५९०२३७६/९८४२६२७५६०, बर्ने/सुनमाई/शान्तिनगर : दिपेन विक ९८१६९४५९९२/९८६२६१६६४६, पथरी : नीलम थापा (कामना पुस्तक पसल) (०२१-६९११८८/९८४२०४३७६५), मोरङ बेलबारी किशोर भण्डारी (९८६२०६२०६२/९८५११६५५५६), इटहरी : तेज वन विश्वासी ९८०४०२५७४३, धरान : शैलेन्द्र दाहाल (धरान न्यूज सेन्टर) ०२५-५२८६८६/९८४२०६०९४८ , ताप्लेजुङः बसन्त लिम्बू (९८४४६३२२३५), दुर्गाप्रसाद पौडेल (९८४२६५२७१३) भारत शिलगढी, दार्जीलिङः मानिक कुन्डु (+९१९८००३८००८६), राँके : दुर्गाप्रसाद चौलागाई (९८०८७०७००७), घुर्विसे पञ्चमीः युद्धबहादुर बोहोरा (९८१३७५७२०६), विराटनगरः चन्दन राय (९८१२३२६९२८)**